वर्ष : १९, अंक : ४४, काठमाडौं, २०८० फागुन २५ गते शुक्रबार, 8 March, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## ‘शान्ति सुरक्षाको सवालमा नेपाल प्रहरीले समन्वय गरेन’

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेशको शान्ति सुरक्षाको सवालमा नेपाल प्रहरीले प्रदेश सरकारसँग समन्वय नगरिरहेको गुनासो गरेका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालयद्वारा आयोजित सडक सुरक्षा सम्बन्धि प्रस्तुति कार्यक्रममा मुख्यमन्त्री यादवले प्रदेशको शान्ति सुरक्षाको विषयमा प्रदेश सरकार गम्भीर भए पनि नेपाल प्रहरीको असमन्वयका कारण सोचे अनुरुपको उपलब्धि हासिल गर्न नसकेको बताएका हुन् ।

सडक दुर्घटना न्यूनीकरणका लागि प्रदेश सरकार आवश्यक कदम चाल्न तत्पर रहेको उल्लेख गर्दै मुख्यमन्त्री यादवले सडक सुरक्षाका लागि चाहिने आवश्यक उपकरण माग गर्न सम्बन्धित निकायलाई निर्देशन समेत दिए ।



मुख्यमन्त्री यादवले प्रत्येक जिल्लामा यातायात कार्यालय नहुँदा सेवाग्राहीलाई भैरहेको समस्यालाई मध्यनजर गर्दै प्रत्येक जिल्लामा यातायात कार्यालयको स्थापना गरेको बताए । उनले ट्राईल सेन्टरकै गाडी बाट ट्राईल दिनु ब्यबस्थाले सेवाग्राही हरुलाई समस्या भै रहेकोमा अब आफनै गाडिले ट्राईल दिन पाउने ब्यबस्था लागु गरेको उल्लेख समेत गरे ।

कार्यक्रममा भौतिक पुर्वाधार मन्त्री कृष्णा यादव, अर्थमन्त्री संजय यादव, स्वास्थ्यमन्त्री बिरेन्द्र प्रसाद सिंह, मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी यज्ञबिनोद पोखरेल सहितको उपस्थित रहेको थियो ।

सो अबसरमा विश्व स्वास्थ्य संगठनले ३० थान ब्रेथलाइजर प्रदेश ट्राफिक प्रहरीलाई हस्तान्तरण गरेको थियो ।

## सत्ता गठबन्धन फेरबदल भ्यागुते प्रवृत्ति : डा.राउत



काठमाडौं । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले प्रधानमन्त्री पुष्पकमल दाहालको सत्तामा रहनका लागि गठबन्धन फेरबदल गर्ने प्रवृत्तिप्रति कटाक्ष गरेका छन् । बिहीबारको प्रतिनिधिसभाको विशेष समयमा बोल्दै राउतले सत्ता गठबन्धन फेरबदल हुनुलाई भ्यागुते प्रवृत्ति भनेका हुन् । उनले प्रधानमन्त्री दाहाल विदेशीले धाप मार्नासाथ उफ्रिहाल्ने भन्दै टिप्पणी पनि गरे ।

उनले भने, ‘यो भ्यागुते प्रवृत्ति हो, भ्यागुतालाई समातेर जोख्न सजिलो होला। अहिलेको प्रधानमन्त्रीलाई त्यति कमसल नठान्नुहोला ! कतिखेर विदेशीले कता धाप मार्दिन्छ, प्रधानमन्त्री बुर्लुक्क उफ्रिइहाल्नुहुन्छ। थाहै हुँदैन ।’

राउतले संघ सरकारको असर प्रदेशमा देखिनु पनि गलत भएको बताए। ‘प्रधानमन्त्रीको उफ्राइले काठमाडौंमा मात्रै परकम्प गएको छैन । यहाँ मात्रै गए त केही थिएन। सात वटै प्रदेशका सरकारहरू गर्ल्यामगुर्लुम्म ढल्छन्। अनि जनताले यातना भोग्नुपर्ने, देशले यातना, घाटा व्यहोर्नुपर्ने, उहाँले भन्नु पनि हुन्छ- म मिस्टर उथलपुथल हो। म बाँच्दासम्म यो धर्तीमा उथलपुथल भइरहन्छ,’उनले भने, ‘मानौं, उहाँ शेष नाग हो र धर्ती उहाँको शरीरमाथि अडिएको छ । हरेक शेष नागका लागि कृष्णको अवतार पनि हुन्छ। उहाँले हेक्का राख्नुपर्छ ।’

अहिलेको गठबन्धन सिद्धान्तको धरातलमा बनेको आफूले ठानेको तर प्रधानमन्त्रीको सम्बोधनले त्यसको खण्डन गरेको उनले बताए ।

## ओलीको पालामा मधेशमा विकास र समृद्धि : पोखरेल



धनुषा । नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले विगतमा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले मधेशको विकास र समृद्धिका लागि काम गरेको स्मरण गरेका छन् । एमालेले आफ्नो नेतृत्वको सरकारका पालामा मधेशको विकासका लागि काम गरेका कारण जनताले एमालेलाई मधेश प्रदेशमा पहिलो पार्टी बनाएको उनले स्मरण गरेका हुन् । मधेशको समृद्धि र विकासका लागि यहाँका जनताले एमालेलाई मत दिन आवश्यक रहेको उनले चर्चा गरे । आगामी निर्वाचनमा एमालेलाई जनताले बहुमत प्रदान गर्ने विश्वाससमेत व्यक्त गरे ।

शनिबार धनुषाको हंसपुर नगरपालिका -५ निकालमा एमाले हंसपुर नगर कमिटीले आयोजना गरेको जनसभा तथा पार्टी प्रवेश कार्यक्रममा उनले सो कुरा बताएका थिए । अहिले गठबन्धन सरकारको पालामा विकास निर्माणका कामले गति लिन नसकेको उनको भनाइ छ । एमालेमा अन्य पार्टीबाट प्रवेश गर्नेको लहर चलेकाले एमालेको मिसन ८४ लाई ध्यानमा राखेर कामकाज गर्न नेता कार्यकर्तालाई उनले आग्रह गरे । कार्यक्रममा नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), जसपा नेपाल, लोसपा नेपाल, जनमतसहितका पार्टीबाट पाँच सयभन्दा बढी नेता कार्यकर्ता एमालेमा प्रवेश गरेका छन् । नवप्रवेशीलाई महासचिव पोखरेल, एमाले धनुषा इन्चार्ज लीलानाथ श्रेष्ठ, एमालेका केन्द्रीय सदस्य एवम धनुषा क्षेत्र नं. १ का इन्चार्ज सञ्जीव झासहितका नेताहरुले फूलको माला र अविर लगाएर नवप्रवेशीलाई स्वागत गरेका थिए ।

## सत्ता समीकरण फेरबदलको कोशीमा असर

विराटनगर । गठबन्धन परिवर्तन हुँदा दलहरुबिच प्रदेश सरकारमा पनि फेरबदल गर्ने गरी सहमति भएको कारण केही आशङ्का भने जन्मिएका छन् । सोही सहमतिबमोजिम कोशी प्रदेशमा प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले मुख्यमन्त्रीले राजीनामा गर्नुपर्ने बताइरहेको छ । एमालेका कोशीका प्रमुख सचेतक रेवतिरमण भण्डारीले केन्द्रमा गठबन्धन परिवर्तन हुँदा मुख्यमन्त्रीसँग बहुमत नभएकोले राजीनामा दिएर बाटो खुला गर्नुपर्ने बताएका छन् । यसले एमाले कोशीमा तत्काल सरकार परिवर्तन गर्न चाहेको देखिन्छ । तर सत्ता गठबन्धनमा प्रमुख साझेदार दलको रुपमा रहेको नेकपा (माओवादी केन्द्र) यस विषयमा मौन छ । संविधानको धारा १६८ को उपधारा ५ बमोजिम बनेको सरकार परिवर्तनका सवालमा उत्पन्न हुन सक्ने संवैधानिक जटिलता र त्यसबाट आउनसक्ने परिणामको बारेमा स्पष्ट भएर मात्र माओवादी केन्द्रले आगामी कदम चाल्नु उपयुक्त हुने बताइरहेको छ ।

## भ्रष्टाचार, कुशासनको विरुद्धमा संघर्षमा उत्रिन प्रभु साहको आह्वान

हेटौडा । आम जनता पार्टी ( आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले बैंक, लघुवित लगायतबाट पीडितहरुको समस्या समाधान गर्न सरकार उदासिन रहेको आरोप लगाएका छन् । पीडितहरु पूर्व र पश्चिमबाट पैदल हिडेर काठमाडौंमा संघर्ष गरिरहेको भए पनि उनीहरुको आवास सरकारले सुन्न नचाहेको उनले बताए ।

आजपाको मकवानपुर जिल्ला कमिटीका हेटौडामा सम्पन्न प्रथम जिल्ला भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले यस्तो बताए । सरकारले ढिला नगरी छिटै नै पीडितहरुको माग सम्बोधन गर्नुपर्ने माग उनले गरे । साथै काठमाडौंमा पीडितहरुले जारी गरेको आन्दोलनमा आजपाको साथ सहयोग र समर्थन रहेको उनले बताए ।




गौर हत्याकाण्डका शहिद परिवारलाई सोही कार्यक्रमका बीचमा सम्मान गरिएको छ । अध्यक्ष साहले गौर हत्याकाण्डका हत्यारालाई कारवाही गर्नुपर्ने बताउँदै सरकारले हत्यारालाई कारवाही गर्न किन नसकेको र मौन किन बसेको भन्दै प्रश्न समेत गरे ।

अहिलेको व्यवस्था असफल भएको र जनताको शासन व्यवस्थामा पहुच हुनुपर्ने बताउँदै परिवर्तनका लागि संघर्षमा उत्रिन उनले सहभागिहरुलाई आग्रह गरे । बैंक, वितिय संस्थाले लुट मचाएको र बढदै गएको भ्रष्टाचार, कुशासन लगायतको विरोधमा कडा रुपमा सडक संघर्षमा उत्रिन उनले निर्देशन समेत दिए ।

मकवानपुर जिल्लाको सम्पन्न भेलाबाट युवा नेता शिशिर राजथलाको संयोजकत्व र श्रीनिवास शाह, सुदिप राजथला सहसंयोजक हुने गरी ५१ सदस्यीय आजपाको मकवानपुर जिल्ला कमिटी गठन भएको आजपाका उपमहासचिव चन्द्रभुषण साहले जनाएका छन् ।

यसैगरी आजपा निकटको आईटी आर्मीको समेत मकवानपुर जिल्ला कमिटी सोही भेलाबाट सर्वसम्मत गठन भएको छ । युवा नेता पुकार थिंगको संयोजकत्व तथा जयचन्द्र साह, अरुण स्याङ्तान र राधेश्याम कुशवाहाको सहसंयोजकत्वमा आईटी आर्मीको मकवानपुर जिल्ला ५१ सदस्यीय गठन भएको छ ।

## हनुमाननगर कंकालिनीमा दादुरा रुबेला खोप कार्यक्रम सम्पन्न

सप्तरी । नेपाल सरकार स्वास्थ मन्त्रालयद्वारा सुरु गरेको दादुरा रुबेला खोप अभियान सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाअन्तर्गत रहेको १४ वटै वडामा सफलतापूर्वक सम्पन्न भएको छ ।

९ महिनादेखि ५ वर्षसम्मको लक्षित संख्या ४४५०, ५ वर्षदेखि १५ वर्ष मुनिको लक्षित जनसंख्या १०६३६ गरी जम्मा लक्षित संख्या १५१८६ मा ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई खोप लगाएको



संख्या ४९६९ र ५ वर्ष देखि १५ वर्ष मुनिका बालबालिकाहरुलाई खोप लगाएको संख्या ११२३९ गरि जम्मा यस पालिका भित्र १ देखि १४ वडाका ९ महिना देखि १५ वर्ष मुनिका बालबालिकालाई दादुरा रूवेला खोप १६२०८ जना बालबालिकालाई लगाई दादुरा रुबेला खोप अभियान सम्पन्न भएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका भित्र ८० वटा खोप केन्द्र राखेको मा २४० जना स्वयंसेवक तथा १६० जना खोप लगाउने स्वास्थ्यकर्मी समेत गरेर सत प्रसित बालबालिकालाई खोप लगाई अभियान सम्पन्न भएको कुरा हनुमाननगरका स्वास्थ शाखाको प्रमुख रामदेव यादवले जानकारी दिएका छन् ।

## सम्पादकीय

# नारामा सीमित समावेशिता

संघीयता, समावेशीकरण र विभेदमुक्त नेपाली समाज निर्माण गर्नु नै मधेशकेन्द्रित दलको मूल एजेन्डा हो । मधेशकेन्द्रित दलले संघीयता भित्रका समावेशी अवधारणालाई राज्यका विभिन्न अङ्गमा प्रत्याभूति गराउन पटक-पटक सरकारमा गएका थिए । अझ पनि सरकारमा जाने योजनाहरू यो वा त्यो कारणले बनाइरहेकै छन् । राजनीतिमा आन्दोलन र विद्रोहबाट स्थापित मागहरूको कार्यान्वयनलाई प्रधान पक्षको रूपमा लिएर अघि बढेझैं गरेका मधेशी नेतृत्व अन्ततः सिंहदरबारभित्र आत्मदाह गरे । निर्वाचनअघि मुद्दा र जनता बिर्सेका मधेशी नेतृत्वलाई निर्वाचनमा जनताले बिर्सिदिएपछि मधेश राजनीति अन्यौलग्रस्त वातावरणमा पुगेको छ । तर समावेशीको सवाल कार्यान्वयनको पक्षमा देखिएका न्यून सुधार पनि मधेशकेन्द्रित दलले नगरेर राज्य पक्षले नै गरेको पाइन्छ । मधेशी दलहरू मुद्दालाई थाँती राखेर ठूला दलसँग सम्झौता गरी सिंहदरबारमा बास सजाउने कार्यबाहेक अन्य कार्यमा कुनै सक्रियता नदेखाएको कुरा राजनीतिक कालखण्डले बताउँछ । राज्यका पुराना शासकवर्गले सिंगो मधेश गुम्ने डरले थोरै भएपनि समावेशीकरणको अनुभूति दिलाउन सफल भए । जसको परिणामस्वरूप मधेशका जनताहरू मधेशी दलबाट टाढिए । नेपाललाई साझा र समृद्ध बनाउने हो भने मधेशका समस्यालाई राष्ट्रिय समस्याको रूपमा लिन सक्नुपर्छ । मधेशी जनतालाई विभेदरहित राज्यमा बसेको अनुभूति भएन भने कालान्तरमा अलगाववादको राजनीतिले आफ्नो आकार लिन सक्छ । मधेशमा देखिएका जातीय, क्षेत्रीय र धार्मिक मुद्दाहरू सामूहिक रूपमा राज्यसत्तासँग समाधान खोज्ने तयारी गर्दैछ । अहिले देशका विभिन्न निकायमा केही मधेशी अनुहारलाई देखाएर समावेशी भएको बताउने स्वाङ पनि हुँदैछ । मधेशी सहभागिताको सवाललाई हेर्ने हो भने जहिले पनि राज्यका विभिन्न अङ्गमा मधेशीहरू नभएका होइनन् । तर, प्रतिनिधित्व र नेतृत्वको सवालमा मधेशीहरू प्रतिनिधित्वमा देखिन्छ नेतृत्वमा हुन्न । सरकारमा सहभागिताको पक्षलाई हेर्ने हो भने कठोर राजतन्त्रका पालामा मधेशीहरू मन्त्री भएकै थिए । तर राजनीतिको सत्ताको पक्षमा हेर्ने हो भने खोजे जतिको समावेशी नभएको मात्र हो । त्यो विभेदपूर्ण नीतिको परिणाम हो । मधेशीको मत र कर मात्र असुल्ने तर अन्य दायित्वबाट पन्छिने राज्यसत्ता, ठूला दल तथा मधेशी दलहरू नीति र भविष्य दुवै शंकास्पद छ । सामाजिक उत्तरदायित्वका सवालमा चुकेका नेपालका मानवअधिकार, सञ्चारजगत, कुटनीतिक नियोग, दातृ निकाय र नेपाल सरकार समग्रमा नेपाललाई साम्प्रदायिक मुलुकको रूपमा स्थापित गर्न खोज्दैछ । सामाजिक रूपान्तरण र पहिचानसहितको समावेशीकरणको पक्षमा नदेखिने जो कोही पनि राष्ट्रका शत्रु हुन् । व्यवस्थापिका, न्यायपालिका, कार्यपालिका र पत्रकारिता क्षेत्रमा स्थानीय समावेशीकरण तथा विभेदरहित वातावरण निर्माण गर्न सकिएन भने नेपालको राष्ट्रिय अखण्डता र सामुदायिक सद्भावमाथि खलल पर्न सक्छ । मधेशीलाई विदेशी ठान्ने, मधेशी नेतृत्वलाई दलालमा रूपान्तरित गर्ने, सरकारी सञ्चारमाध्यमलाई राष्ट्रिय सञ्चारमाध्यम नबनाउने, एउटा मात्रै वर्ग/समुदायको वर्चस्व र नेतृत्वमा प्रणालीहरू सञ्चालन गर्ने पक्ष वास्तवमै साम्प्रदायिक हुन् । यिनका भूमिका र परिणामले मधेशमा अलगाववादलाई सुदृढ पार्दै जान्छ । मधेशी जनताका सवालमा शिक्षा, स्वास्थ्य, कृषि, भौतिक संरचना, रोजगारलगायत सम्पूर्ण पक्षमा न्यायोचित स्थानीय समावेशीकरण गर्न/गराउन सकिएन भने नेपालको भूगोल, सञ्चार, राजनीति र सद्भावलाई अखण्ड राख्न नसकिने अवस्थाको निर्माण हुन्छ । मधेशका जनतासँग हुँदै आएको शासकीय धोका, विभेदको राजनीति, बहिष्करणको अवस्था र दोस्रो दर्जाको नागरिकको भावबाट उन्मुक्ति दिन सकेन भने मधेशी नेतृत्व र सिंगो राज्यमाथि प्रश्न उब्जिन सक्छ । विदेशीलाई खुस पार्दै खसको पाउँपुजा गरेर मधेशी मुद्दा नामक अगरबतीलाई जलाउँदै सिंहदरबारलाई सुगन्धित पार्न खोज्ने अवसरवादी मधेशी नेतृत्वलाई बाध्यात्मक बलिदान दिनुपर्ने अवस्थाको निर्माण हुँदैछ । सरकारी वा निजी क्षेत्रमा सक्षम मधेशीहरूको प्रतिनिधित्वको सवालमा मधेशी नेतृत्वले देखाएको मौनता लज्जास्पद छ । मधेशी नेतृत्वको मौनताले एकातर्फ व्यक्तिगत अवसरवादिता र खसभक्ति प्रमाणित गर्दैछ भने अर्कोतर्फ मधेशमा मुद्दा बल्झाएर रक्तमय क्रान्तिको पूर्वाधार तयार गर्ने वातावरण निर्माण गर्दैछ ।

# राजनीतिक शक्ति साध्य होइनन्, साधन हुन्



**रामसुकुल मण्डल**

नेपाली राजनीति दलका नेताहरूको प्राथमिकता नेपाली संविधानभन्दा नेपाली सत्ता हो । दलहरूको बीच मात्रै होइन कि एउटै दलभित्रका नेताहरू बीच पनि सत्ता प्राप्ति नै प्रमुखता हो । राजनीति दर्शन र आदर्श हो । राजनीति विज्ञान पनि हो । यसैले यसलाई अंग्रेजी भाषामा **Political Science** भनिन्छ । राजनीति विज्ञान सामाजिक विज्ञानको एउटा मान्यता प्राप्त घटक हो । राजनीतिक शक्ति(संगठन वा दल) समाज रूपान्तरणका सर्वोत्कृष्ट सत्यहरूलाई व्यवहारमा लागू गर्ने जीवन्त औजार हुन् ।

दोस्रो संयुक्त जनआन्दोलनपछि बनेको अन्तरिम संविधान-२०६३ मधेशको अधिकार सुनिश्चित गर्ने संघीयताबारे प्रष्ट नहुँदा भएको मधेश विद्रोहले स्थापित गराएको संघीयता अहिले बदनाम भइरहेको अवस्थामा छ । हुन त संविधानसभा र संविधानसभा बाहिरका धेरैजसो राजनीतिक दल र संघसंस्थाले संघीयताका लागि आफ्नो अमूल्य योगदान दिएका हुन् । तर, त्यसको सार्थक बहस र संघीयतालाई सफल गराउने विषयबारे मुख्यतः प्रमुख दलहरु गम्भीर देखिएका छैनन् । संघीयतालाई सफल बनाउन चाहिने आवश्यक कानूनहरु अझै बन्न सकेको छैन ।

प्रदेश र स्थानीय सरकारले अझै संविधानतः पाउनुपर्ने अधिकार पाउन सकेका छैनन् । जनतालाई बुझाइँदैन, जनतालाई अन्यौलमा राखिने गरिन्छ । यो र यस्तो गर्नुको पछाडि जनताको विद्रोही चेतनाबाट संघीयताको भूमिका, महत्व तथा आवश्यकतालाई धुमिल एवं विकृत पार्ने योजना रहेकोमा जुनसुकै संघीयता पक्षधर, राजनीतिक शक्ति र संघसंस्थाले सहजै बुझ्नुपर्ने विषय हो । संघीयता विरोधीहरूले संघीयताका कारण देश टुक्रिने भन्ने भावलाई जनतामा प्रभावशाली ढङ्गबाट स्थापित गराउन प्रचार प्रसार गराउँदै आइरहेका छन् । तर, स्वायत्त मधेशका पक्षपातीहरूले संघीयताको उद्देश्य र तिनको आवश्यकताबारे गहन र सार्थक छलफललाई सक्रिय रूपमा उठाएको पाइँदैन । उनीहरूले अझ पनि सरकारमा जाने दाउको खोजीमा रहेको देखिन्छ ।

राजनीतिक पार्टी सरकारमा जानलाई हो जोगी बन्नका लागि होइन भन्ने पदावलीलाई मधेशकेन्द्रित राजनीतिक दलहरूका नेताहरूले आफूमाथिको आरोपलाई पन्छाउन प्रयोग गर्न गरेको पाइन्छ । निःसन्देह राजनीतिक पार्टीको अभिष्ट सत्ता र सरकारमा जानु नै हो । तर, यसको उद्देश्य के हुने हो त्यसबारे राजनीतिक दलका नेताहरू मौन बस्छन् । राजनीतिक दलको कार्यभार जनताको हित गर्न र जनताको हितको संरक्षणका लागि सरकारमा जाने मनसाय राख्नुपर्ने हुन्छ । ती नेताहरूको व्यक्तिगत महात्वकांक्षा पूरा गर्न र अकुत सम्पत्ति कमाउनका लागि राजनीतिक पार्टी साधनको रूपमा प्रयोग गरिनु हुँदैन ।

जनतालाई स्वतन्त्र, सक्षम र सबल बनाउनका लागि चाहिने आधारभूत आवश्यकता परिपूर्तिका लागि आवश्यक अधिकार संरक्षित गर्ने खालका नीतिगत संघर्ष गर्नका लागि कुनै पनि दल सरकारमा जानुको उद्देश्यलाई सार्थक मान्न सकिन्छ । तर, दुर्भाग्यवश मधेशको सवालमा त्यसो भएको पाइँदैन । मधेश एक होऊन वा अनेक तर, मधेशका आर्थिक सामाजिक सम्बन्धको व्याख्या र तिनका सत्तामा प्रतिष्ठाका लागि आवश्यक समकालीन परिवेशमा कस्ता नीतिगत आधार तय गर्नुपर्ने हो त्यसको अवधारणा र व्याख्या मधेशी जनताले बुझ्ने भाषामा गरेको पाइँदैन । मधेश र पहाडबीचको सम्बन्ध उसको प्राकृतिक स्रोत र साधनको वितरण तथा न्यायपूर्ण बाँडफाँटमा आधारित विषय नै संघीयताको प्रमुख आधार हुन् । यसबारे मधेशकेन्द्रीत राजनीतिक दलले सतही अनुसन्धान वा पुराना अनुसन्धानका आँकडामा आश्रित रहेको पाइन्छ ।

समकालीन नयाँ आँकडाका आधारमा न्यायपूर्ण ढङ्गले प्राकृतिक स्रोत साधनको आधारमा वितरणसम्बन्धी विषयको थालनी कसले गर्नेबारे मधेश केन्द्रीत राजनीतिक दलको विषय वस्तु बनेको पाँइदैन । मधेशकेन्द्रित राजनीतिक दलका नेताहरूले नेपाली सेनामा सामूहिक प्रवेशको विषय उठाए र मन्त्री विशेषले राजीनामा पनि दिनु परेको इतिहास हाम्रा समक्ष छँदैछ । मधेशी नेताहरूले नेपाली सेनामा सामूहिक प्रवेशको विषयलाई ठोस, व्यावहारिक र तर्कसंगत रूपले प्रस्तुत गर्न नसक्दा मधेशीहरूलाई परेको असरको मूल्यांकन अपूरणीय छ । यस्ता विभिन्न खाले मुद्दा उठाइएका छन् तर ती मुद्दासँग सम्बन्धित विशेष कार्यकर्ता र विज्ञहरूबाट ठोस अवधारणागत र नीतिगत छलफल गरेको पाइँदैन ।

मधेशकेन्द्रीत राजनीतिक दलले मधेशी जनताको सत्तासँगको आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धको ठोस समसामयिक विश्लेषण गर्न नसके र तदनुरूपको अडान प्रस्तुत गर्न नसके कमजोर अवस्थामा पुग्ने मधेशका विज्ञहरूको ठम्याइ छ । विस्तारै उनीहरूको स्थिति खिइँदै जानेमा शंका छैन । तसर्थ ती राजनीतिक दलहरूले मधेशी जनताको अधिकारसँग सम्बन्धित आर्थिक, सामाजिक, सांस्कृतिक र त्यसबाट सिर्जना भएको शोषण उत्पीडनको हिसाबकिताब गर्ने हिसाबकिताब गर्नु आजको राजनीतिक आवश्यकता हो । मुद्दाको ब्रान्ड देखाएर आ-आफ्ना पसल चलाउने मनसाय र अभिप्रायबाट मधेशकेन्द्रीत दल तत्काल मुक्त हुन जरूरी छ । सत्ता राजनीतिकभन्दा बाहिर पनि मधेशकेन्द्रित थुप्रै समस्याहरू थाँति बसेको कुरा नेताहरूले बिर्सिनु हुन्न ।

हाम्रो देशमा धेरै आन्दोलनहरू भए, तर परिवर्तन आएन । विभेदको विरूद्ध संघर्षहरू चल्दैछन् । संविधानसभाको दोस्रो निर्वाचन पनि भयो परिणाम पनि आयो प्रक्रियामा ३ महिनासम्म गएन, " पहिलो संविधानसभाबाट संविधान नबन्नुको कारण गरिब जनतालाई अधिकारबाट वञ्चित गर्नु नै हो । परिवर्तनको संवाहक गरिब जनता नै हुन् । जस्तोसुकै आन्दोलनमा ज्यानको आहुति दिने र अग्रगामी सोच भएको शान्तिको रूपमा काम गर्ने गरीब जनता सिधा र सोझो बासिन्दाहरू गरीब नै हुन् । कुनै पनि मानिस पृथ्वीमा आउँदा यो जान्दैनन् कि म धनी हुँ या गरीब । धनी व्यक्ति नेपालमा बढीमा २०% या ३०% हुनसक्छन् तर गरीब समुदाय ७०% भन्दा कम छैनन् । देशमा बसोबास गर्ने सम्पूर्ण जात, धर्म, वर्ग, लिंगमा पनि गरीबहरू छन् । धेरै नेताहरूले एक वर्षमै संविधान बन्छ भन्दैछन् । पीडा पीडितलाई नै थाहा हुन्छ । जुन मानिस पीडित नै छैन भने त्यसलाई के को पीडा । कर्मचारीहरू जस्तो सरकार त्यसको कर्मचारी भन्थ्यो । अहिले त देश पनि कर्मचारीको सेवा पनि समाजको तर गरीबसँग विभेद किन तपाई सभासद् हुनुहुन्न, मन्त्री हुनुहुन्न, को गरीब, जनता गरीब भन्न त उहाँहरू पनि आफूलाई गरीब भन्छन् तर गरीब जनताका लागि काम गर्दैनन् । विकास निर्माणको बजेट कागजी बिल फर्छोट गरी राखेकै हुन्छन् ।

हाम्रो देशको विदेशमा पहिचान पनि सानो र गरीबले चिन्दछन् । राज्यले विभेद नीतीअनुसार अपहेलित शब्दको रूपमा गरीब समुदायलाई मान्दछन् । राजनीतिक वा सामाजिक रूपले हेप्ने गरेको विभिन्न उदाहरणहरू छन् । राष्ट्रिय योजना आयोगबाट गरीबको नाममा कुनै शीर्षक नै छैन । गरिबी निवारण मन्त्रालय स्थापना भएपनि गरिबी परिचय पत्र बाँड्न एक वर्षमा पनि सकेनन् अहिलेसम्म त्यसका धनीहरूको घुसपैठ हुने सम्भावना पनि धेरै छन् । हाम्रै छिमेकी देश भारतमा गरीबलाई दिने विभिन्न योजनाहरू छन् । जवाहर रोजगार योजनाअन्तर्गत गरीबलाई बसोबास गर्ने घर, मट्टितेल ( सहुलियतमा) चामल, चिनी, नुन, ८ कक्षासम्म पढ्ने छात्राहरूलाई सहुलियतमा साइकल उपलब्ध हुन्छ तर हाम्रो देशमा केही पनि छैन । हाम्रो देशमा बेलैमा जन्मदर्ता, नागरिकता, विवाहदर्ता तथा मृत्युदर्ता हुनुमा पैसा तिर्नुपर्छ । विदेशबाट गरिबी निवारणको नाउँमा आएको पैसा कहाँ जान्छ, त्यसको ठेगान हुँदैन । लोकसेवा आयोगमा कुनै कोटा गरीबका लागि छुट्याइएको छैन । राज्य संचालकहरूले बेलैमा सोच्न जरूरी छ । अन्यथा यसले विभेदमा भेद खोल दिनेछ । गरीबका छोराहरूले के सरकार चलाउन सक्दैनन् ? अनि मात्रै २०६२-२०६३ को शान्तिपूर्ण जनआन्दोलन भाग-२, जनयुद्ध तथा मधेश आन्दोलन कार्यान्वयनको सुरूवात मानिन्छ । धनिको पैसाको हतियारभन्दा गरीबको ज्यान नै ठूलो हतियार (मिहिनेत) मानिन्छ ।

मधेशीहरूको पक्षमा सरकारका सबै विभागमा भेदभाव हुँदै आएको छ । नेपाली सेना पनि त्यसको एउटा अंग हो । सबै निकायमा भेदभाव भइरहेको छ र सेनामा पनि भइरहेको छ । त्यो त नौलो कुरा भएन । मधेश आन्दोलनपछि सरकारसँग भएको सम्झौतामा समूहगत रूपमा मधेशीहरूलाई सेनामा भर्ना गर्नुपर्ने उल्लेख छ । नेपाली सेनाले समावेशी चरित्र अवलम्बन गर्न सकेन भने सिंगो समुदायको दृष्टिकोण नकारात्मक हुँदै जान्छ । मधेशी पत्रकारको सवालमा पनि सेना गम्भीर हुनुपर्ने हो ।

नेपाली राजनीति दलका नेताहरूको प्राथमिकता नेपाली संविधानभन्दा नेपाली सत्ता हो । दलहरूको बीच मात्रै होइन कि एउटै दलभित्रका नेताहरू बीच पनि सत्ता प्राप्ति नै प्रमुखता हो । राजनीति दर्शन र आदर्श हो । राजनीति विज्ञान पनि हो । यसैले यसलाई अंग्रेजी भाषामा **Political Science** भनिन्छ । राजनीति विज्ञान सामाजिक विज्ञानको एउटा मान्यता प्राप्त घटक हो । राजनीतिक शक्ति(संगठन वा दल) समाज रूपान्तरणका सर्वोत्कृष्ट सत्यहरूलाई व्यवहारमा लागू गर्ने जीवन्त औजार हुन् । यो परिभाषाअनुसार राजनीतिक शक्ति साध्य होइनन्, साधन हुन् । एउटा निश्चित साध्यको प्राप्तिका लागि बनाइएको साधन नै शक्ति(संगठन वा दल) हो । प्रथमतः कुनै पनि अभियानलाई लक्ष्यमा पुऱ्याउन साध्यको स्पष्टता भएन भने बनाइएको साधन अर्थात शक्ति ( संगठन वा दल) सफल हुन सक्दैन । यसतर्फ सबै सचेत मधेशीको ध्यान केन्द्रित हुनु जरूरी छ ।

# श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्नु सामाजिक सुरक्षा कोषको मुख्य उद्देश्य हो

सामाजिक सुरक्षा भनेको हामी जब जन्मिन्छौं र मर्छौं त्यसको बीचमा धेरै असुरक्षा छन् । कुनै बच्चा जन्मिसकेपछि उसको शिक्षा दिक्षा कस्तो हुन्छ, उ विरामी हुनसक्छ, उसको दुर्घटना हुनसक्छ, मृत्यु हुन्छ । रोजगारीको क्रममा बेरोजगार हुनसक्छ । ती सबै कुरा हुँदा श्रमिकलाई आम्दानीको खाँचो हुन्छ, त्यतिखेर पनि उसको आम्दानीको स्रोत नटुटोस् । उसले औषधोपचार गर्दा केही सहयोग होस् भन्ने खालका कुराका लागि सामाजिक सुरक्षाको धारणा हो । श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्नु सामाजिक सुरक्षा कोषको मुख्य उद्देश्य हो ।



**कविराज अधिकारी**
**कार्यकारी निर्देशक, सामाजिक सुरक्षा कोष**

**० सामाजिक सुरक्षा कोष के हो ?**

– नेपाल सरकारले २०६७ चैत ७ गतेदेखि सामाजिक सुरक्षा कर भनेर १ प्रतिशत कर लिन थाल्यो । त्यसपछि सामाजिक सुरक्षा कोषको औपचारिक सुरुवात भएको भन्न सकिन्छ । यस कोषले स्थापनाकालदेखि सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सो ऐन बमोजिम कार्य गर्दै आएको छ। ऐनको प्रस्तावनामा उल्लेखित श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्नु यस कोषका उद्देश्य हुन्। सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरुकोआर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिकहकलाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन्।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउन सक्ने ब्यवस्था गरेकोछ । जसले गर्दा कोषको कार्य क्षेत्रलाई व्यापक बनाएको छ।सोही ऐनको दफा १० मा औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाहरूको दायरा किटान गरिएको छ । ऐनमा उल्लेखित सामाजिक सुरक्षा योजना सञ्चालन गर्नका लागि सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ कार्यान्वयनमा आएको छ ।

**० औपचारिक क्षेत्र भनेको के हो ?**

– औपचारिक क्षेत्र भनेको जहाँ कम्पनी र कर्मचारी छन् । सुरुवाती चरणमा औपचारिक क्षेत्रका लागि यो कोषको स्थापना भयो । त्यससँगै वैदेशिक क्षेत्र पनि सुरु भयो । २०७९ साल चैत ८ गतेदेखि वैदेशिक क्षेत्रमा सुरु भयो । खासमा जो वैदेशिक रोजगारका लागि विदेशमा हुनुहुन्छ, उहाँहरुका लागि सामाजिक सुरक्षा कोष सुरु भयो । त्यस्तै अनौपचारिक क्षेत्रका लागि २०८० साउनदेखि सुरु भएको हो । औपचारिक क्षेत्र भनेको जसको रोजगारदाता छैन, जसले दैनिक ज्यालादारी गर्नुहुन्छ । त्यहीं बेलादेखि स्वरोजगारका लागि सुरु भएको हो । स्वरोजगार भनेको जसले कुनै आफ्नै व्यवसाय गर्नुहुन्छ ।

**० सामाजिक सुरक्षा कोषको उद्देश्य के हो त ?**

– यसको उद्देश्य बुझ्नका लागि सबभन्दा पहिला नेपालको संविधान पढ्नुपर्‍यो । नेपालको संविधानमा दुई थरिका सामाजिक सुरक्षा भन्ने छ । एउटा सामाजिक सुरक्षा प्रदान गर्ने धारा ४३, त्यो वृद्ध भत्ता लगायतका कुराहरु भयो, सरकारले अनुदानको रुपमा दिन्छ । अर्को संविधानको धारा ३४ मा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भनेर संवैधानिक हक छ । सामाजिक सुरक्षा भनेको हामी जब जन्मिन्छौं र मर्छौं त्यसको बीचमा धेरै असुरक्षा छन् । कुनै बच्चा जन्मिसकेपछि उसको शिक्षा दिक्षा कस्तो हुन्छ, उ विरामी हुनसक्छ, उसको दुर्घटना हुनसक्छ, मृत्यु हुन्छ । रोजगारीको क्रममा बेरोजगार हुनसक्छ । ती सबै कुरा हुँदा श्रमिकलाई आम्दानीको खाँचो हुन्छ, त्यतिखेर पनि उसको आम्दानीको स्रोत नटुटोस् । उसले औषधोपचार गर्दा केही सहयोग होस् भन्ने खालका कुराका लागि सामाजिक सुरक्षाको धारणा हो । श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्नु सामाजिक सुरक्षा कोषको मुख्य उद्देश्य हो । यस्तै, योगदानकर्ता वा उसको श्रीमती सुत्केरी भयो भने पनि उसले १० हजार ८२० रुपैयाँसम्म दिन्छौं ।

**० वैदेशिक रोजगारमा रहेकाहरुका लागि के ब्यवस्था छ ?**

– वैदेशिक रोजगारमा रहेकाहरु मध्ये अहिलेसम्म ७ लाखभन्दा बढी आबद्ध भइसक्नुभएका छन् । वैदेशिक रोजगारीमा जानका लागि यसमा आबद्धता अनिवार्य हो । कतिपयलाई थाहा नै छैन कि यसमा म आबद्ध भइसकेको छु । किनभने उहाँहरु सोचिरहनुभएको छ कि मैले विदेश जानका लागि मैले कुनै लागत तिरे भनेर सोचिरहनुभएको छ । तर म भन्न चाहन्छु कि यो लागत होइन, भविष्यका लागि लगानी हो । केही पर्दा यसले जोखिम बहन गरिरहेको स्थिति छ । त्यसको बदलामा उहाँहरु केही पाउनुहुन्छ । सामाजिक सुरक्षा कोषमा एक किस्ता तिरेर लगानी पाइँदैन । यसका लागि निरन्तर कायम गर्नुपर्छ । विदेशमा बस्नेहरुले यदि चाहन्छन् कि म २३०८ रुपैयाँभन्दा बढी जम्मा गर्न चाहन्छु भन्यो भने त्यो पनि पाउनुहुन्छ । अतिरिक्त रकम जम्मा गर्ने व्यक्ति यदि विदेशबाट फर्केर आइसकेपछि उनलाई कोषले एकमुष्ट रकम फिर्ता पनि दिन्छ । तर, जरुरी के छ भने योगदानको निरन्तरता हुनुपर्छ । सँगसँगै हामी यसमा डिस्काउन्टको पनि व्यवस्था गरेका छौं । यदि उसले ६ महिनाभन्दा बढी उसले एकमुष्ट रकम जम्मा गर्छ भने त्यसमा १० प्रतिशत छुट छ । त्यस्तै, यदि उसले ३ वर्षसम्म निरन्तर योगदान गर्‍यो र कुनै पनि दाबी माग गरेन भने फेरि पनि उसले १० प्रतिशत छुट पाउँछन् ।

**० वैदेशिक रोजगारीमा रहेकाहरुले निरन्तर रकम जम्मा गर्दा उहाँहरु के पाउनुहुन्छ ?**

– सामाजिक सुरक्षा कोषमा निरन्तर जम्मा गरिसकेपछि यदि जम्माकर्ता वा उसको परिवारमा कोही विरामी भए भने एक लाखसम्मको औषधोपचार पाउँछन् । एक लाखको आईपीडी र २५ हजारको ओपीडी भनेर उपचार खर्च पाउँछन् । हामीसँग आबद्ध भएका ८० वटा अस्पतालहरु छन् । हाम्रो वेबसाइटमा राखिएको छ । त्यो ८० वटा अस्पतालमध्ये कुनैमा गएर उपचार गराउन सक्नुहुन्छ । म सामाजिक सुरक्षा कोषको योगदानकर्ता हुँ अथवा उसको परिवार हुँ भनेर आफ्नो परिचयपत्र देखाउन सक्नुहुन्छ । त्यो कार्ड देखाइसकेपछि ती अस्पतालहरुमा सस्तो र सुलभ दरमा औषधोपचार पाउन सकिन्छ । अर्को यदि दुर्घटना भयो भने त्यतिखेर एक लाखले नपुग्ला । त्यतिखेर उसले सात लाख रुपैयाँसम्म दुर्घटनाको पनि रकम उसले पाउँछ । त्यस्तै, यदि उसको मृत्यु भयो भने उसको परिवारले आजीवन पेनसन पाउँछ । त्यस्तै, यदि काम गर्दागर्दै अंगभंग भयो, काम गर्न सक्ने अवस्था रहेन भने उसले ६ हजार ४९२ रुपैयाँ आजीवन पेनसन पाउँछन् । भोली यो बढ्दै पनि जान्छ ।

**० यी सुविधाहरु कसरी पाउने ?**

– सामाजिक सुरक्षा कोषको सबै कुराहरु अनलाइनमा छन् । अनलाइनमा गएपछि आफ्नो योगदानकर्ता पोर्टलमार्फत् आफ्नो काजगपत्रहरु भनेबमोजिम राख्ने र त्योअनुसार कोषका सुविधाहरु प्राप्त हुन्छ । एकदम सजिलो छ ।

**० तराई-मधेशबाट वैदेशिक रोजगारमा जाने अधिकांश धेरै पढेलेखेका हुँदैनन्, उहाँहरुलाई थाहा नहुन पनि सक्छ । उहाँहरुलाई कसरी जानकारी हुन्छ ?**

– त्यसका लागि त हामी तपाइँजस्ता आम सञ्चार माध्यमबाट सन्देश दिइरहेका छौं । अहिले हामी कुराकानी गरिरहँदा उहाँहरुले थाहा पाउन सक्नुहुन्छ । सामाजिक सुरक्षा कोषमा निरन्तरता गर्नुपर्छ । मैले किन पैसा तिर्दैछु भन्ने कुरा बुझ्नुपर्छ । बुझिसकेपछि यसका पाउने सुविधाहरु लिन जानुपर्छ । यदि कुनै अप्ठ्यारो पर्छ भने त्यसका लागि हाम्रो कल सेन्टर पनि सञ्चालनमा ल्याएका छौं । जसले यसमा आबद्धता जनाउनुभएको छ, उहाँले बुझ्नुपर्छ कि यो मेरो खर्च होइन, लगानी हो । यसबाट भविष्यमा केही पाउन सकिन्छ ।

**० कतिपय विदेश जानेहरुले सामाजिक सुरक्षा कोषमा पैसा तिरेर गएका छन्, तर उसलाई थाहा छैन । उसले कसरी निरन्तरता दिन सक्छन् ?**

– त्यसकै जानकारीका लागि हामीले मिडियामार्फत् जानकारी गराइरहेका छौं । हाम्रो वेबसाइटमा सबै कुराहरु राखिएको छ । तपाइँजस्तो मिडियाले यसमा काम गर्न सक्नुहुन्छ । हाम्रो वेकसाइट पनि फ्रेन्डली छ ।

**० विदेशमा रहेकाले सामाजिक सुरक्षा कोषमा निरन्तरताका लागि पैसा कसरी तिर्ने ?**

– पहिलो कुरा त उसले नेपालबाट पनि तिर्न सक्छन् । विदेशबाटै तिर्नुपर्छ भन्ने होइन । जस्तो, मेरै परिवारबाट कोही विदेश जानुभएको छ भने मैले पनि तिरिदिन सक्छु । तर, यदि कोही विदेशबाटै तिर्छु भन्यो भने यसका विभिन्न विकल्पहरु छन् । यसका लागि रेमिटेन्स कम्पनीहरु आईएमई र सिटी एक्सप्रेसमार्फत् तिर्न सक्नुहुन्छ । त्यस्तै, हाम्रो वेबसाइटमा गएर कनेक्ट आइपीएस र इसेवा खल्तीमार्फत् पनि योगदान पुऱ्याउन सक्नुहुन्छ ।

**० सामाजिक सुरक्षा कोषमा आबद्ध भनेको एउटा लगानी हो भने यसमा लगाएको लगानी कतिको सुरक्षित छ त ?**

– एकदमै सुरक्षित छ । किनभने सामाजिक सुरक्षा कोष भनेको कुनै नाफा कमाउनका लागि खोलिएको संस्था होइन । यो कुनै बीमा कम्पनी वा नाफामुखी संस्था होइन । यसको कामै हो कि रकम जम्मा गर्ने र त्यसको फाइदा दिने । यो नेपाल सरकारको एउटा संस्था हो । यसमा अहिलेसम्म ५१ अर्ब रुपैयाँ जम्मा भइसकेको छ । त्यो पूर्णरुपमा पारदर्शी छ । त्यसकारणले लगानी डुब्छ भन्ने कुनै किसिमको शंका नगर्दा हुन्छ । यसमा ढुक्कसँग आबद्ध हुन अपिल गर्दछु ।

# बालेन शाहको गैरकानूनी कार्यको विरुद्धमा कवाडी व्यवसायीद्वारा प्रदर्शन

काठमाडौं । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको गैरकानूनी कार्यको विरुद्धमा काठमाडौंका कवाडी व्यवसायीहरु आन्दोललित भएका छन् । आज सडकमा प्रदर्शन गर्दै उनीहरुले काठमाडौं महानगरपालिकाको कार्यालय अगाडी नै धर्ना दिएका छन् ।



कवाडी व्यवसायीमाथि महानगरले गैरकानूनी रुपमा दमन गरेको बताउँदै उनीहरुले आन्दोलनलाई थप कडा बनाउँने घोषणा समेत गरेका छन् । सुन्धारास्थित महानगर कार्यालय अगाडि धर्ना दिएका व्यवसायीहरुले त्यसअघि र्याली निकालेका थिए ।

बुद्धनगरस्थित बाग्मती करिडोर नजिकैको पुलबाट निस्केको र्याली थापाथली, त्रिपुरेश्वर हुँदै काठमाडौं महानगरको कार्यालय अगाडि पुगेको हो । त्यहाँ उनीहरुले महानगर विरुद्ध चर्को नारावाजी समेत गरेका छन् । 'गैरकानुनी कार्य गर्नेहरु होसियार', 'कवाडीमाथि डोजर चलाउन बन्द गर', 'कवाडी एकता जिन्दावाद', 'कानुनी शासन लागू गर', जस्ता नारा लगाएका छन् । कवाडी व्यवसायीहरुको जारी आन्दोलनमा प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले समर्थन गरेको छ । कतिपय आजपाका नेताकार्यकर्ता समेत आन्दोलनमा सहभागि भएका छन् ।

कवाडी व्यवसायीहरुको आन्दोलनमा नारा लगाउँदै आजपा उपमहासचिव चन्द्रभुषण साह समेत देखिएका छन् । आजपा अध्यक्ष प्रभु साहले बिहिबार काठमाडौंमा कवाडी व्यवसायीहरुको भेलालाई सम्बोधन गर्दै आन्दोलनमा समर्थन जनाएका थिए ।

'घर-घरबाट काम नलागने कावाड़ी समान किनेर काठमाण्डौंलाई सफा राखने कवाड़ी ब्यवसायीहरुलाई सम्मान गर्नुको सट्टा त्रसित र आतंकित पार्नु दुःखद हो । आम नागरिकको संवैधानिक हकलाई हनन गर्ने अधिकार कसैलाई छैन । यसर्थ कवाडीहरु माथी भईरहेको गैरकानुनी हस्तक्षेप तुरुन्त रोकन सरकारको ध्यान जान जरुरी छ । तपाईहरुको आन्दोलनमा पार्टीको समर्थन छ । हामी तपाईहरुको साथमा छौं' साहले भनेका छन् ।

आज (शुक्रबार) बसेको प्रतिनिधि सभाको बैठकमा समेत आजपा अध्यक्ष साहले कवाडी व्यवसायीहरुको आन्दोलनमा समर्थन जनाउँदै उनीहरुको माग पुरा गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकमा बोल्दै साहले अहिले काठमाडौंमा महानगरको आतंक मच्चिएको टिप्पणी गरेका छन् । काठामाडौं महानगरपालिकाका मेयर बालेन शाहतर्फ संकेत गर्दै साहले भने, 'काठमाडौंमा महानगरको आतंक चलेको छ । सडकमै स्वरोजगार मजदुरहरु कुटिन्छन् । कवाडी व्यवसायीहरुमाथि डोजर चलाइएको छ । कतै सुकुम्बासीहरुलाई आतंकित बनाईएको छ । महानगरपालिकामाथि कानून लाग्छ कि लाग्दैन् ? यदि लाग्छ भने सरकारले महानगरपालिकालाई नियमन गरोस् भनेर म आग्रह गर्न चाहन्छु । अहिले कवाडी व्यवसायीहरु महानगरबाट आतंकित छन् । उनीहरु असुरक्षित छन् । उनीहरु त्रसित छन् । हरेक व्यक्तिले व्यापार तथा व्यवसाय गर्न पाउँछ, यो उसको संवैधानिक हक हो । त्यसको रक्षा राज्यले गर्ने हो कि होईन ?'

## रेशम अध्यक्ष हुन अयोग्य : आयोग

काठमाडौं । निर्वाचन आयोगले सर्वोच्च अदालतबाट ज्यान मुद्दामा दोषी ठहर गरिएका रेशमलाल चौधरीलाई नागरिक उन्मुक्ति पार्टीको अध्यक्ष हुन अयोग्य हुने व्याख्या गरेको छ । नागरिक उन्मुक्ति पार्टीले गत पुस २७ गते कैलालीमा महाधिवेशन गरी साविककी रञ्जिता श्रेष्ठको अध्यक्षतामा रहेको केन्द्रीय समितिमा चौधरीलाई अध्यक्ष घोषणा गरेकामा आयोगले त्यसलाई अद्यावधिक गर्न अस्वीकार गरेको हो । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राजनीतिक दलसम्बन्धी ऐनले तोकेको योग्यताबमोजिम अदालतको फैसलाका आधारमा चौधरी दलको अध्यक्ष हुन योग्य नहुने निर्णय गरिएको जानकारी दिए ।

कैलालीको टीकापुरमा २०६२ सालमा सात सुरक्षाकर्मी र एक नाबालकको ज्यान जाने गरी भएको घटनामा चौधरीलाई अदालतले जन्मकैदको सजाय तोकेको थियो । गत जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलबाट कैद मिनाहा पाइ चौधरी रिहा भएका थिए ।

## मधेश अपडेट

### 'डाक्टर भगवान हो, त्यो हिसाबले कामपनि हुनुपर्यो'

जनकपुरधाम । मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशका आठ वटै जिल्लामा एक एक वटा गरी आठ वटा मेडिकल कलेज स्थापना गर्ने लक्ष्य लिएको बताउनुभयो । नेपाल मेडिकल एसोसिएशन, जनकपुरधामद्वारा आयोजित मधेश हेल्थ सम्मिटलाई सम्वोधन गर्नुहुंदै उहाँले सो कुरा बताउनुभएको हो । यसअघि सहभागीहरुबाट स्वास्थ्यमा बजेट बढाइनुपर्ने मागउपर प्रतिक्रिया व्यक्त गर्दै उहाँले स्वास्थ्य राज्यमंत्री भैसकेको हुनाले स्वास्थ्यको महत्व आफूले बुझेको बताउनुभयो ।

"प्रदेशमा १५ प्रतिशत बजेट छुट्याएर काम अघि बढाएको छु । आउने दिनमा स्वास्थ्य बजेट बीस पच्चीस प्रतिशतसम्म पुर्याइनेछ", उहाँले भन्नुभयो । मुख्यमंत्री यादवले सरकारले कृषि, स्वास्थ्य, शिक्षा र पर्यटन गरी चार क्षेत्रमा 'हब' बनाइने लक्ष्य लिएको पनि घोषणा गर्नुभयो ।

चिकित्साकर्मीहरुको सुविधा र वृतिविकासका लागि उठेको जिज्ञासालाई उल्लेख गर्नुहुंदै यसबारे आफू वचनवद्ध रहेको रहेको जनाउ पनि उहाँले दिनुभयो । साथसाथै सेवाको गुणवत्तामा ध्यान दिनपनि उहाँले चिकित्सकहरुसंग आग्रह गर्नुभयो ।

"उपचार राम्रो छ, अलि अलि सुधार पनि भैरहेको छ तर जति सुधार हुनुपर्ने हो हुनसकेको छैन," मुख्यमन्त्री यादवले गुनासो पोख्नुभयो । "डाक्टर भगवानको रुपमा हुन्छन् त्यो हिसाबले कामपनि हुनुपर्यो, स्वास्थ्य सेवामा सुधारको अपील गर्दै उहाँले भन्नुभयो । स्वास्थ्य तथा जनसंख्या मंत्री वीरेन्द्र प्रसाद सिंह, पूर्व राज्यमन्त्री डा. सुरेन्द्र यादव लगायतले पनि बोल्नुभएको सम्मिटमा मधेश प्रदेशका विज्ञहरुले स्वास्थ्य क्षेत्रका चुनौती र सम्भावनाबारे आ आफ्नो धारणा राख्नुभएको थियो ।

### रौतहटको मौलापुरमा निकालियो भगवान शिवको बारात यात्रा

रौतहट । मौलापुर नगरपालिकामा भगवान शिवको बारात यात्रा निकालिएको छ । भगवान शिव र पार्वतीको विवाहको रुपमा मनाइने मधानी महायज्ञको शुभारम्भ गर्न तामझामका साथ भगवान शिवको बारात (जन्ती) यात्रा निकालिएको हो । मौलापुर नगरपालिका-२, चिरचिरियाबाट निस्केको बारात यात्रा मौलापुर नगरपालिका- ५, पतौरा स्थित पुरातात्त्विक महादेव मन्दिर प्राङ्गणमा पुगेर सम्पन्न भएको हो । बारात यात्रा संगै मधानी महायज्ञ २०८० को शुभारम्भ समेत भएको हो। बारात यात्राको नेतृत्व मौलापुरकी मेयर रीनाकुमारी साहले गरेकी थिइन् भने हजारौं सर्वसाधारण एवम् भक्तजनको सहभागिता रहेको छ ।

पुरातन कालदेखि मधानी महायज्ञ आयोजना हुंदा भगवान शिवको बारात यात्रामा कमरथुवाहरु मात्र सहभागी हुँदै आएकोमा पहिलो पटक सर्वसाधारणले समेतको सहभागिता जनाएको हो । आम नागरिक सामिल भएको बारात यात्राले मधानी महायज्ञमा नयाँपन थपेको स्थानीयको भनाई रहेको छ । पुरातात्विक महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गराउन मौलापुर नगरपालिकाले महाशिवरात्रीको अवसरमा मधानी महायज्ञ आयोजना गर्दै आएको छ । यस वर्षको मधानी महायज्ञको अवसरमा बलिवुडका सुपरस्टार गोविन्दा, भोजपुरी सुपरस्टार निलम गिरी, नेपाली सिनेजगतका सुपरस्टार पल साह, चर्चित निर्देशक दिनेश डिसी लगायतका कलाकारहरुको सांस्कृतिक प्रस्तुति रहनेछ । मधानी महायज्ञमा १० लाख भन्दा बढी दर्शनार्थीले अवलोकन गर्ने आयोजको अनुमान छ।

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# शिक्षा र स्वास्थ्य मधेश सरकारको पहिलो प्राथमिकता : मुख्यमन्त्री यादव

जनकपुरधाम । मुख्यमन्त्री सरोज कुमार यादवले मधेशको समृद्धिका लागी शिक्षा र स्वास्थ्य क्षेत्रलाई मधेश सरकारले पहिलो प्राथमिकतामा राखेको बताउनु भएको छ ।

नेपाल चिकित्सक संघ जनकपुरशाखाको तत्वाधानमा नेपाल चिकित्सक दिवसको अवसर पारेर आज बाट जनकपुरमा शुरु भएको मधेश स्वास्थ्य शिखर सम्मेलन २०२४को समुदघाटन सत्रमा मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रको विकासका लागी प्रदेश सरकार प्राथमिकताका साथ काम गरि रहेको बताउनु भयो ।



शिक्षा र स्वास्थ्यलाई राजनीतिबाट टाढा राख्नु पर्ने उल्लेख गर्नु हुँदै मुख्यमन्त्री यादवले यसका लागि सरकार र समुदायलाई हातेमालो गरेर अघि बढनुपर्ने विचार व्यक्त गर्नु भयो । स्वास्थ्य क्षेत्रको सुधार भौतिक प्रगतिले मात्र सम्भव नरहेको उल्लेख गर्नु हुँदै उहाँले भन्नु भयो ,' प्रदेश सरकार स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार व्यवस्थापनको क्षेत्रमा तीब्र गतिमा अघि बढेको छ । अव चिकित्सकहरुले आफनो धर्म निर्वाह गर्नु पर्दछ । हामी मेसिन ल्याई दिन्छौ , चलाई दिने जिम्मा यहाँहरुको हो ।'

चिकित्सकहरुकै मांग अनुसार मधेश सरकारले हालै भर्ना गर्न लागेको करारका चिकित्सकहरुको लागि ४५ वर्ष उमेर निर्धारण गरेको उल्लेख गर्नु हुँदै मुख्यमन्त्री यादवले छिट्टै कानून संशोधन गरेर लोक सेवामा समेत सोही उमेर निर्धारण गरिने प्रतिबद्धता समेत जनाउनु भयो ।

चिकित्सकहरुको पारिश्रमिक सम्बन्धि गुनासोलाई सम्बोधन गर्न मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सकहरुलाई थप ४० प्रतिशत भत्ता दिन थालिएको जानकारी समेत गराउनु भयो ।

मधेश सरकारले स्वास्थ्य क्षेत्रको विकासमा कुनै कसर बाँकी नराख्ने उल्लेख गर्नु हुँदै मुख्यमन्त्री यादवले प्रदेश मातहतका प्रादेशिक अस्पतालहरुलाई १०० बेडमा स्तरोन्नति गर्नुका साथै थप ५ वटा अस्पताललाई ५० बेडको बनाउने कार्य भै रहेको बताउनु भयो ।

चिकित्सक संघ जनकपुर शाखाका अध्यक्ष डा. रामजी यादवको अध्यक्षतामा भएको उक्त उदघाटन सत्रमा विशिष्ट अतिथि एवं मधेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री विरेन्द्र प्रसाद सिंहले सरकारको लगानीले मात्र स्वास्थ्य क्षेत्रको सुधार सम्भव नरहेको उल्लेख गर्नु हुँदै चिकित्सकहरुलाई इमान्दर हुनु पर्ने बताउनु भयो । उहाँले शिखर सम्मेलनले निकाल्ने निष्कर्ष प्रदेश सरकारका लागि मार्ग दर्शन हुने र त्यसलाई आफुहरु सहर्ष ग्रहण गर्ने प्रतिबद्धता समेत जनाउनु भयो ।

उद्घाटन सत्रमा प्रा डा. जय नाथ साह, डा. निरज सिंह, डा. अनिल बिक्रम काकी सहितले मन्तव्य राख्नु भएको थियो ।

# रामपृत राम र कुन्दन कुशवाहालाई आजपाद्धारा पार्टीबाट निष्कासन

काठमाडौं । आम जनता पार्टी (आजपा)ले रामपृत राम र कुन्दन कुशवाहालाई कारवाही गरेको छ । पार्टी विधान, नीति तथा कार्यक्रमका बिरुद्धमा लागेकाले राम र कुशवाहालाई पार्टीको साधारण सदस्य समेत नरहने गरी कारवाही गरिएको छ ।

आजपा उपमहासचिव एवं प्रवक्ता चन्द्रभुषण साहले एक बिज्ञप्ती जारी गर्दै राम र कुशवाहालाई पार्टीबाट निष्कासन गरिएको जनाएका छन् । राम आजपाको उपाध्यक्ष रहेको जिम्मेवारी रहेका थिए भने कुशवाहा पार्टीको उपमहासचिव र मधेस प्रदेसका पूर्व सांसद समेत हुन् ।

'हाम्रो गौरवशाली पार्टी आम जनता पार्टीले स्थापना कालदेखि नै जनपक्षीय मुद्दाहरुमा एकपछि अर्को सफलता हासिल गर्दै आम जनतामा ठूल्लो आत्मविश्वास एवं आशा जागृत गरिरहेको सन्दर्भमा देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरुले हामीमाथि निरन्तर हमला गरिरहेको विषय जगजाहेर नै छ । यसै बिच पार्टी निर्माणको गतिलाई अवरोध तथा आन्दोलनलाई घात पुग्ने गरी प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा पार्टी विरोधी अवाञ्छित गतिविधिहरुमा संलग्न रहेको विषय पुष्टि भएकोले रामपृत राम र कुन्दन कुशवाहालाई पार्टीबाट निष्कासन गरिएको छ' प्रवक्ता साहद्धारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## संक्षिप्त समाचार

### स्रोत नखुलेको रकमसहित दुई जना पक्राउ

रौतहट । ईशनाथ नगरपालिका-१ जानपुलबाट स्रोत नखुलेको नगद १० लाख रूपैयाँसहित २ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मकवानपुर हेटौंडा उपमहानगरपालिका-३ बस्ने ३० वर्षीया मरमती मोक्तान र ३६ वर्षीय देवराज थिङ रहेका छन् । ईलाका प्रहरी कार्यालय बन्जरहाबाट खटिएको प्रहरीले प्र.३ ०१-०२३ च ५३८५ नम्बरको कारलाई जाँच गर्ने क्रममा कारमा सवार उनीहरूलाई उक्त नगदसहित पक्राउ गरेको हो ।

### धारिलो हतियार प्रहारबाट मृत्यु

मोरङ । पथरी शनिश्चरे नगरपालिका-७ लामा टोल बस्ने दाम बहादुर राईकी छोरी १५ वर्षीया ज्ञानमती फुलुङ राईको धारिलो हतियार प्रहारबाट सोमबार राति मृत्यु भएको छ । आफ्नै घर पछाडी रहेको ट्वाईलेट जाने क्रममा अपरिचित व्यक्तिले धारिलो हतियार प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङ, ईलाका प्रहरी कार्यालय पथरी तथा धरानबाट केनाइनसहितको टोली खटि गई हतियार प्रहार गर्ने व्यक्तिको खोजी गर्नुको साथै थप अनुसन्धान गरिरहेको छ ।

### ब्राउनसुगरसहित किशोर पक्राउ

बाँके । कोहलपुर नगरपालिका-६ रझेनाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६ सय ५० मिलिग्रामसहित सोही ठाउँ बस्ने १८ वर्षीय किशोरलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

### आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

मोरङ । सुन्दरहरैचा नगरपालिका-३ बस्ने भुपेन्द्र अधिकारीको परालको कुन्युमा बिहीबार बिहान आगलागी हुँदा करिब ४ लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । प्रहरीले स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### गाँजासहित तीन जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ गणेश टोलबाट अवैध लागूऔषध गाँजा करिब ५ किलो ८ सय ग्रामसहित भारत घर भएका ३० वर्षीय अरबिन्द कुमार गुप्ता समेत ३ जनालाई बुधबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय बिर्ता, ईलाका प्रहरी कार्यालय नगवा समेतबाट खटिएको प्रहरीले गुप्ताले संचालन गरेको कबाड पसल तलासी गर्दा उक्त गाँजा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

### टिपर र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

सप्तरी । कन्चनरुप नगरपालिका-१२ धर्मेश्वर अस्पताल अगाडि स.१ ख ८६३ नम्बरको टिपर र प्र.२-०१-०० प ९६३४ नम्बरको मोटटरसाइकल ठक्कर खाई बुधबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-९ बस्ने ५० वर्षीय अशोक प्रसाद साहको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### लागूऔषधसहित एक जना पक्राउ

सुनसरी । ईटहरी उपमहानगरपालिका-४ स्थित द प्रिन्ट्स ट्याटु हाउसबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ६ सय ८० मिलिग्रामसहित ट्याटु हाउसका संचालक सोही उपमहानरपालिका-४ डम्फु चोक बस्ने धनकुटा छथर गाउँपालिका घर भएका मनिष लिम्बुलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रदेश प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरीले ट्याटु हाउस तलासी गर्दा उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो ।

### नक्कली नोटसहित एक जना पक्राउ

बारा । सिम्रौनगढ नगरपालिका-४ हरिहरपुरबाट नेपाली १ हजार दरका ८ थान नक्कली नोटसहित महागढीमाई नगरपालिका-९ कञ्चनपुर बस्ने ३५ वर्षीय राम बिनय सहनीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरीले बीआर ०५ जे २१८१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त नोटसहित पक्राउ गरेको हो ।



# हरिपुर्वा नपामा हाकिम सरुवा प्रकरण, मेयर साहको चरम चलखेल

सर्लाही । सर्लाहीको हरिपुर्वा नगरपालिकामा नाटकिय ढंगले भइरहेको हाकिम सरुवा प्रकरणमा मेयर विनोद कुमार साहले चरम चलखेल गर्दै आएको कुरा खुलासा भएको छ । प्रमुख प्रशासकीय अधिकृत शम्भु प्रसाद यादवको सरुवामा मेयर साह आफ्नो पदको चरम दुरुपयोग गर्दै प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा गराउँदै आएका छन् ।
नगर प्रमुख साहले २०८० साल पुस २६ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रमुख प्रशासकीय अधिकृतको सरुवा गरिदिनका लागि मिति २०८० पुस २५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार त्यहाँ कार्यरत रहेका प्रमुख प्रशासकीय अधिकृत शम्भु प्रसाद यादवले असहयोग गरेको र निर्देशन पालना नगरेकोले निजको अविलम्ब अन्यत्र सरुवा गरिदिनका लागि पठाएको पत्रबाट प्रष्ट भएको छ ।

सोही पत्र अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले माघ ३ गते यादवलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (४) बमोजिम मन्त्रालयको अतिरिक्त समुहमा दरबन्दी कायम रहने गरि सिरहा नगरपालिका, सिरहामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा गरेको थियो ।

उक्त पालिकामा विगत लामो समयदेखि मेयर साहले प्रमुख प्रशासकीय अधिकृतको सरूवामा चलखेल गरेकै कारण सामाजिक सुरक्षा भत्ता वितरण, शिक्षक तथा कर्मचारीहरूको तलब, भत्ता भुक्तानी लगायतका कार्यहरुको साथै नगर विकासको कामहरु ठप्प रहेको छ ।

मेयर साह आफुले गरेका भ्रष्टाचारका फेरिहस्त सुरक्षित अवतरण गर्नका लागि आफ्नो अनुसार चल्ने व्यक्तिनै प्रमुख प्रशासकीय अधिकृत चाहिन्छ भनेर विभिन्न निकायमा दबाब दिइरहनुमा शंका गर्न सकिन्छ । पालिका ठप्प पारेर मेयर साहले आफ्नो स्वार्थ पुर्ति गर्न र पालिकामा गरेका भ्रष्टाचारका कागजपत्र मिलाउन आफु अनुकुलको प्रमुख प्रशासकीय अधिकृतलाई पटकपटक सरुवा गराउन अग्रसरता देखाइरहेको कर्मचारीवृत्तमा चर्चा छ ।

फागुन ७ गते मेयर साहले गुपचुप तरिकाले ११औं नगरसभा गर्न खोजेपछि हरिपुर्वामा झडप समेत भएको थियो । नगरपालिकाले आ.व. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न नपाउदै नगरसभा झडपमा परिणत भएर स्थगित भएको थियो । नगरसभा कानुन अबैध भएको र मेयर साहले नगरसभामा ल्याएको माइन्युट पुर्व पश्चिम् राजमार्ग स्थित लालबन्दीमा तयार गरि फर्जी हस्ताक्षर सहितको माइन्युट भएकोले स्थानीय जनप्रतिनिधि र जनताहरुले नगरसभा बिथोलेका थिए ।

### मेयर साह असक्षम र विकास विरोधी

हरिपुर्वा नपाका मेयर विनोद कुमार साह असक्षम र विकास विरोधी रहेको सर्वदलीय संघर्ष समितिका संयोजक बिकाउ यादवले बताए । संयोजक यादवले मेयर साहको निरंकुशता, विवेकहीनता तथा विकास विरोधी गतिविधिका कारण पालिका ठप्प भएको जिकिर गरे । मेयर साहले श्री केशव गरिब जनता माध्यमिक विद्यालयको करिब १३ बिघा जग्गाको आम्दानी आफै लिने गरेको, बाँके-संग्रामपुर सडक खण्डमा मापदण्ड भित्रमा मेयरको घर परेतापनि घर नभत्काई सडकको विकास निर्माणको कार्यमा अवरोध खडा गरेकाले त्यस विषयमा अदालतमा मुद्दा समेत परिसकेको संयोजक यादवको भनाइ छ ।

मेयर साहले आर्थिक चलखेल सहित नीजि लाभको उद्देश्यले पालिका भवन र प्रहरी चौकी भवनको लागि पालिकाको आफ्नो स्वामित्वमा रहेको जग्गामा भवनहरु नबनाइ अरुको स्वामित्वमा रहेको जग्गामा भवनहरु बनाउने निर्णय गरेको, हरिपुर्वा बजारको सार्वजनिक जग्गा मेयर साहले भोगचलन गरि बजारको जग्गा अतिक्रमण गरेको, नगरपालिकाको प्रशासनिक तथा आर्थिक काम कारबाहीमा कर्मचारीलाई अनुचित दबाब दिने गरेको र स्थानीय सञ्चालन ऐन तथा निर्देशिका विपरीत हैकमवादी शैलीमा काम गर्ने गरेकै कारण पालिकाको हालत यस्तो हुनपुगेको सर्वदलीय संघर्ष समितिका संयोजक यादवले ठोकुवा गरे ।

### जताततै भ्रष्ट्राचार

हरिपुर्वा नपाका मेयर विनोद कुमार साह असक्षम र बिकास विरोधी मेयर मात्र नभएर जिल्लाकै नामुद भ्रष्टाचारी मेयर समेत रहेका छन् । मेयर साहले आ. व. २०७९/०८० को खर्च विवरण कानुन बमोजिम सार्वजनिक लेखा परिक्षण गर्नुपर्नेमा नगरेको, नगरपालिका भित्र नगरबासीले प्राप्त गर्नुपर्ने स्वास्थ्य सेवामा औषधि खरिद गर्दा गुण्स्तरहिन, म्याद गुज्रिएको तथा बढी मुल्यमा औषधि खरिद गरि अनियमितता गरेको, नगरपालिकाको कामकाज ठप्प भएपनि सवारी मर्मतमा व्यापक अनियमितता गरेको, निजको आफन्तको नाममा रहेको भारतीय नम्बर प्लेटको गाडी प्रयोग गरि फर्जी नेपाली नम्बर प्लेटको नाममा भाडा रकम निकासा गरि अनियमितता गरेको, निजले पाएको अधिकारलाई दुरुपयोग गरि इन्धनको कुपन आफैं काटेर सवारी लगबुक, किलोमिटर तथा इन्धन कोटालाई समेत वेवास्था गरि आर्थिक लाभ लिने गरेको आरोप छ ।

यस्तै, नियम विपरीत लालबन्दीमा प्रमुख प्रशासकीय अधिकृतको लागी फर्जि आवासको नाममा फर्निचर तथा जिन्सी सामानको फर्जी बिल बनाई स्वयम्ले भुक्तानी लिई अनियमितता गरेको, वडा नं. ६ मा आफन्तको नाममा उपभोक्ता समिति बनाई सशर्त अनुदान रकमको योजनाको काममा मापदण्ड विपरीत र गुणस्तरहिन काम गरि सोको भुक्तानी गरि भ्रष्टाचार गरेको, वडा नं. ९ मा विभिन्न सडक ढलानको कार्य मापदण्ड विपरीत गुणस्तरहीन कार्य गरि भुक्तानी गरेको आरोप छ ।

मेयर साह नगरपालिकामा महिनौं अनुपस्थित रहि व्यक्तिगत कामको लागि सधै काठमाडौ बस्ने गरेको तर सेवा सुविधा र गाडी लगायत पारिश्रमिक समेत नगरपालिकाबाट भुक्तानी लिई पदको चरम दुरुपयोग गरेको, आफ्नै घर नगरपालिकालाई भाडामा दिई मासिक भाडा रकम वृद्धि गरि भुक्तानी लिने गरेको र आ. व. २०७९/०८० मा नगरपालिका भवनको बजेट विनियोजन हुँदापनि भवन निर्माण नगरि भाडा रकम बुझ्दै आएको आरोप छ ।

### मेयर विरुद्ध सर्वदलीय संघर्ष समिति

यसैविच हरिपुर्वा नगरपालिकाका मेयर विनोद कुमार साहको हैकमवादी, विकास विरोधी गतिविधिका तथा भ्रस्टाचारको विरुद्धमा नगरपालिका स्तरमा रहेका राजनैतिक दलका प्रतिनिधिहरुले गत पुस १६ गते सर्वदलीय संघर्ष समिति गठन गरेका थिए । समितिमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र), जसपा, नेसपा तथा जनमत पार्टी लगायतका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

पुस २० गतेको सर्वदलीय संघर्ष समितिको बैठकले मेयरलाई सम्बोधन गरि नगरपालिकामा विकास निर्माणका कार्य संचालन गर्न लिखित सुझाव दिएको थियो । त्यस पश्चात् माघ ११ र माघ २९ मा पहिलो बैठकको निर्णय कार्यान्वयनका लागि ताकेता पत्र दिएको थियो ।

मेयर साहलाई पटकपटक ताकेता गर्दा पनि बैठकको निर्णयलाई कार्यान्वयन गर्न आलटाल गरेपछि २०७९ चैत १ मा मेयर साहलाई सर्वदलीय संघर्ष समितिले ज्ञापनपत्र बुझाएको थियो । पुन: २०७९ चैत १२ मा कार्यक्रम सहित संघर्ष समितिले मेयर साहलाई ज्ञापनपत्र बुझाएको थियो ।

तर मेयर साहले कुनै वास्ता नगरेपछि २०७९ चैत १५ गते देखि सर्वदलीय संघर्ष समिति र स्थानीय जनताहरु समेतको उपस्थितिमा नगरपालिकामा तालाबन्दी गरिएको थियो । उक्त तालावन्दी करिब ३ महिना असार ९ गते सम्म यथावत थियो । तर २०८० असार ८ गते जिल्ला स्तरीय रुपले तालाबन्दी खोलि पालिका सुचारु गर्नलाई प्रदेश सभा सदस्यद्वय कौशल किशोर यादव र जंगीलाल राय तथा जिल्ला समन्वय समितिका सभापति कौशल किशोर सिंह र नगरपालिकाका मेयर विनोद कुमार साह सम्मीलित कार्यदल गठन भएको थियो ।

उक्त कार्यदलले असार १५ गते सुझाव सहित कार्यान्वयन गर्ने निर्देशनात्मक प्रतिवेदन जारी गरेतापनि कार्यदलको सो प्रतिवेदनलाई मेयर साहले असार २०-२५ गतेसम्मको कार्यपालिका वैठकमा प्रतिवेदन माथि प्रस्ताव समेत नल्याई वैठकमा कुनै निर्णय नगरेकाले असार २४ मा पुन: सर्वदलीय संघर्ष समितिले भ्रस्टाचार नियन्त्रणका लागि मेयर साहलाई ज्ञापनपत्र दिनुका साथै भदौ २६ मा पुन: नौ बुदे माग कार्यान्वयनका लागि मेयर साहलाई ज्ञापनपत्र दिएको थियो । त्यसपछि पनि कुनै काम नभएपछि सर्वदलीय संघर्ष समितिले असोज ४ गते मेयर साह माथि कानुनी कारबाहीको माग गर्दै सम्बन्धित निकाय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गरेका थिए।

संघर्ष समितिले गरेका काम कारबाहीको जानकारी सम्बन्धित निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत स्थानीय निकाय जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समितिलाई पत्राचार गर्दै मेयरले गरेका भ्रष्ट्राचारको अनुसन्धान, छानविनको माग गरेका हुन् ।


## सरोकारवालाहरूमा हार्दिक अपिल !!!

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबाट गाईभैंसीको दुध, खसीबोकाको मासु तथा च्याङ्गाको पशिमना मुल्य श्रृङ्खलामा सहयोग पुग्ने उद्देश्यले ५ प्रदेशका २८ जिल्लामा पूरक अनुदानको सघन कार्यक्रम विगत २ बर्षदेखि सञ्चालनमा रहेको व्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा अवगत भएकै छ । आयोजनाद्वारा सञ्चालनमा रहेको पुरक अनुदान कार्यक्रमअन्तर्गत अनुदानग्राही समूह, सहकारी तथा व्यक्तिगत फर्महरुले आयोजनाले तोकेका उद्देश्य बमोजिम कार्य नगरेको, अनुदान रकमको अनुचित लाभ लिएको, सम्झौता बमोजिम कार्य नगरेको र अनुदान रकमको दुरूपयोग भएको अनुगमनको क्रममा पुष्टि भएमा उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८ बमोजिम अनुदान पाएको रकम सरकारी बाँकी सरह असुल गर्ने प्रावधान रहेको हुँदा यस आयोजनाबाट अनुदान पाएका अनुदानग्राही संस्थाहरुलाई पुन: स्मरण गराउन चाहन्छौं । साथै सम्पूर्ण सरोकारवालाहरुलाई यस आयोजनाबाट अनुदान वितरण गरिएका अनुदानग्राही संस्थाहरुको सूची आयोजनाको Website: www.nlsip.gov.np को प्रकाशन शीर्षकअन्तर्गत NLSIP बुलेटिन १ र बुलेटिन ३ मा रहेको जानकारी गराउँदै उक्त अनुदानग्राही संस्था वा व्यक्तिहरुले अनुदान रकम दूरुपयोग गरेको शंका लागेमा वा देखिएमा आयोजनाको गुनासो शाखा (सम्पर्क न. ९८४८७१४९९९, ९८५११५७५३१, ९८५१०५१०४५) मा जानकारी उपलब्ध गराइ सहयोग गरिदिनुहुन नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना आयोजना व्यवस्थापन कार्यालय हरिहरभवन ललितपुर हार्दिक अपिल गर्दछ । यस आयोजनामा अनुदानको रकम दुरुपयोग भएको जानकारी दिने व्यक्ति वा संस्थाको विवरण गोप्य रहने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
हरिहरभवन, ललितपुर



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# ग्लोबल आइएमई बैंकका थप ४१ शाखाद्वारा एकसाथ वित्तीय साक्षरता कार्यक्रम आयोजना

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वित्तीय पहूँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरु पहिचान गरी बैंकका थप ४१ वटा शाखा कार्यालयद्वारा एकसाथ वित्तीय साक्षरता कार्यक्रम संचालन गरेको छ ।




कार्यक्रममा कृषक, लघु, साना तथा मझौला उद्यमीहरु, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरु, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीहरुको सहभागिता रहेको थियो ।

मुलुकका विभिन्न जिल्लाका ४१ स्थानमा सञ्चालित कार्यक्रममा ५,००० भन्दा बढी व्यक्तिहरुलाई बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ्ग, बीमा, लगानी, अतिरिक्त बैंकिङ्ग सेवाहरु, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ ।

बैंकले कोशी प्रदेशको झापा जिल्ला, दमक नगरपालिका र मोरङ्ग जिल्लाको विराटनगर महानगरपालिकामा आयोजना गरेका कार्यक्रमहरुमा २५० भन्दा बढी व्यक्तिहरुको सहभागिता रहेको थियो । मधेश प्रदेशअन्तर्गत सर्लाही जिल्लाको मलंगवा नगरपालिकामा गरिएको कार्यक्रममा १०० भन्दा बढिको सहभागिता थियो ।

बागमती प्रदेशअन्तर्गत ललितपुर जिल्लाको ललितपुर महानगरपालिका, रामेछाप जिल्लाको दोरम्बा शैलुङ गाँउपालिका, मन्थली नगरपालिका, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका, बुढानीलकण्ठ नगरपालिका, धादिङ जिल्लाको गल्छी गाँउपालिका, रसुवा जिल्लाको कालिका गाँउपालिका र गोसाईकुण्ड गाँउपालिकामा आयोजित कार्यक्रमहरुमा १,२०० भन्दा बढि व्यक्तिहरुको सहभागिता रहेको थियो । त्यसैगरी, गण्डकी प्रदेशअन्तर्गत स्याङजा जिल्लाको वालिङ्ग नगरपालिका, नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका, कावासोती नगरपालिका, विनयी-त्रिवेणी गाँउपालिका, लमजुङ जिल्लाको बेशीशहर नगरपालिका, मध्यनेपाल नगरपालिका र तनहूँ जिल्लाको भानु नगरपालिकाको कार्यक्रममा ९०० भन्दा बढी स्थानीयहरुको सहभागिता रहेको थियो ।

लुम्बिनी प्रदेशअन्तर्गत कपिलवस्तु जिल्लाको महराजगंज नगरपालिका, बाणगंङ्गा नगरपालिका, दाङ जिल्लाको दंगीशरण गाँउपालिका, राप्ती गाँउपालिका, गुल्मी जिल्लाको मालिका गाँउपालिका, मुसीकोट नगरपालिका, चन्द्रकोट गाँउपालिका, नवलपरासी जिल्लाको रामग्राम नगरपालिका, पाल्पा जिल्लाको पूर्वखोला गाँउपालिका, रोल्पा जिल्लाको रोल्पा नगरपालिका, रुपन्देही जिल्लाको देवदह नगरपालिका, बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, रोहिणी गाँउपालिका, सिद्धार्थनगर नगरपालिका, अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकामा आयोजित कार्यक्रममा २,५०० भन्दा बढी व्यक्तिहरुको सहभागिता रहेको थियो ।

साथै, सुदूरपश्चिम प्रदेशअन्तर्गत बैतडी जिल्लाको डिलासैनी गाँउपालिका, डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिकाको कार्यक्रममा २०० भन्दा बढी लक्षितवर्गहरुको सहभागिता थियो । यससँगै ग्लोबल आइएमई बैंकले ७६ शाखा कार्यालयहरुबाट ९,००० भन्दा बढी लक्षित वर्गहरुलाई विभिन्न सचेतनात्मक तथा वित्तीय सुरक्षासम्बन्धी जानकारी प्रदान गरी बैंकिङ्ग कारोबार गर्न उत्प्रेरित गरेको छ । यस आर्थिक वर्षमा बैंकले आफ्ना ३५० भन्दा बढी शाखाहरुमार्फत यस्ता लक्षित वर्गको सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्य राखेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन ।

ग्लोबल आइएमई बैंकलाई **सबैंका लागि बैंक** बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।

# जुनियर तथा युवा रेडक्रसको ५९औं स्थापना दिवस विशेष कार्यक्रम गरी मनाइयो

काठमाडौं । नेपाल रेडक्रस सोसाइटी जुनियर तथा युवा रेडक्रसको ५९औं स्थापना दिवस **“विश्वव्यापी रूपमा अभिप्रेरित, स्थानीयरूपमा सशक्तिकृत : जलवायुसम्बन्धी गतिविधिमा जुनियर तथा युवा”** भन्ने मूल नाराका साथ देशव्यापी रूपमा मनाइएको छ ।

यसै उपलक्ष्यमा आज नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा भौतिक रूपमा आयोजित कार्यक्रममा प्रदेश तथा जिल्ला तहबाट भर्चुअल रूपमा सहभागिता रहेको थियो । रेडक्रसका युवा स्वयंसेवकहरूको सक्रियता र व्यवस्थापनमा सञ्चालित सो कार्यक्रमको उद्घाटन युवा स्वयंसेवकहरू रविना चौंलागाईं र सुरजकुमार सिंहले संयुक्त रूपमा गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य एवं राष्ट्रिय जुनियर युवा समितिका संयोजक विष्णुराज नेपालको सभापतित्वमा भएको सो कार्यक्रममा सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपाल प्रमुख अतिथि रहनुभएको थियो ।

कार्यक्रममा बोल्दै सोसाइटीका अध्यक्ष प्राध्यापक नेपालले रेडक्रसमा आवद्ध जुनियर युवाहरूलाई मानवीय सेवाका विभिन्न गतिविधिहरूमा सहभागी गराउँदै उनीहरूको सीप र दक्षता अभिबृद्धि गरी अगाडि ल्याउने संस्थाको उद्देश्य रहेको बताउनुभयो । जलबायु परिवर्तनबाट उत्पन्न समस्यालाई सम्बोधन गर्न हाल रेडक्रसका युवाहरूबाट सञ्चालन भइरहेको परिवर्तक (द चेन्जमेकर) अभियानबाट महत्वपूर्ण योगदान पुग्ने बताउँदै अभियानको पूर्ण सफलताको कामना गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले सोसाइटीले नीतिगत र कार्यक्रमगत तहमा युवाहरूको भूमिकालाई विधानमा कसरी व्यवस्थित गरेर लैजान सकिन्छ भनेर छलफल र सुझाव संकलन गरिरहेको जानकारी गराउनुभयो ।

कार्यक्रमका सभापति एवं राष्ट्रिय जुनियर युवा समितिका संयोजक विष्णुराज नेपालले जुनियर युवा रेडक्रसको इतिहासमाथि प्रकाश पार्दै सबै जिल्लाका शिक्षण संस्था र समुदायमा जुनियर तथा युवाहरूको संलग्नतामा मानवीय सेवा प्रदान गर्ने सञ्जालको रूपमा नेपाल जुनियर र युवा रेडक्रस सर्कलहरूको स्थापना, विकास र विस्तार हुँदै आएको बताउनुभयो ।

जुनियर तथा युवा रेडक्रसलाई नीतिगतरूपमा सबलीकृत गर्दै लैजाने सन्दर्भमा पहिलो पटक २०५६ सालदेखि राष्ट्रियस्तरमा जुनियर तथा युवा रेडक्रस नीति तथा कार्यप्रणाली तर्जुमा गरी कार्यान्वयनमा रहेको उहाँले जानकारी गराउनुभयो ।




## जिल्ला समाचार

### तिलगंगा आँखा केन्द्रमा विद्यार्थीहरुको नि:शुल्क आँखा परीक्षण

सप्तरी । सप्तरीको रूपनगरमा भर्खरै सञ्चालनमा आएको 'तिलगंगा कञ्चनरूप सर्जिकल आँखा केन्द्र' ले रूपनगर नन्दराज संग्रौला क्याम्पसका विद्यार्थीहरूको नि:शुल्क आँखा जाँच गरेको छ । आँखा केन्द्रका इञ्चार्ज, दृष्टि विशेषज्ञ डा. असिम छुस्यावागले आज २५ जना विद्यार्थीको आँखा परीक्षण गर्नु भयो । अत्याधुनिक उपकरणले सुसज्जित केन्द्रमा आज आँखा जाँच गराएका मध्ये अधिकांश विद्यार्थीको आँखा स्वस्थ्य रहेको जानकारी डा. असिमले दिनु भयो ।

क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलको अगुवाइमा 'लाइन लागेर' आँखा देखाउन गएका दुई दर्जन वढी विद्यार्थी मध्ये एक जनालाई चाहिँ थप जटिल परीक्षण गर्न तिनगंगा आँखा प्रतिष्ठान काठमाडौं जाने सुझाव डा. असिमले दिनु भयो । ि

तलगंगा आँखा प्रतिष्ठानको सहयोगमा कृति सामुदायिक स्वास्थ्य केन्द्र तथा कञ्चनरूप नगरपालिकासँगको सहकार्यमा स्थापित आँखा केन्द्रले केही दिन अघि मात्र सेवा शुरू गरेको हो । कृति सामुदायिक स्वास्थ्य केन्द्रका संस्थापक, वरिष्ठ हाडजोर्नी विशेषज्ञ प्राध्यापक डा. रोहित पोखरेलको पहलमा यो स्वास्थ्य केन्द्रले रूपनगर क्याम्पसका विद्यार्थीहरूलाई स्वास्थ्य परामर्श सेवा नि:शुल्क दिँदै आएको छ ।

स्वास्थ्य उपचारमा सामान्य सुविधा मात्र रहेको रूपनगर गाउँमा स्थापित आँखा केन्द्रले यो फागुन महिनभरी आँखा परीक्षण तथा सामान्य औषधि नि:शुल्क उपलब्ध गराउने जानकारी डा. असिमले दिनु भयो । तिलगंगा आँखा केन्द्रले सेवा दिन शुरू गरेको केही दिनमै अपेक्षा गरिएको भन्दा धेरै जना आँखा परीक्षण गराउन आएको जानकारी केन्द्रका आँखा स्वास्थ्य कार्यकर्ता अनिल साउदले दिनु भयो । साउदसँग रहेको तथ्याङ्क अनुसार फागुन २३ गते एकै दिनमा रूपनगर क्याम्पसका २५ जना विद्यार्थी र अन्य सहित ३३ जनाको आँखा जाँच गरियो ।

### टिपरको ठक्करबाट बोलेरो गाडीमा सवार तीन जनाको मृत्यु

मोरङ । बेलबारी नगरपालिका-१ स्थित सडकमा विराटचोकबाट बेलबारीतर्फ जाँदै गरेको प्र.१ -०२-००१ ख ९६७६ नम्बरको टिपरले मे.१ ज २८५६ नम्बरको बोलेरोलाई शुक्रबार बिहान ठक्कर दिँदा बोलेरोमा सवार ३ जनाको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका बोलेरो चालक झापा बिर्तामोड नगरपालिका-२ बस्ने ३६ वर्षीय कृष्ण गजुरेलको न्यूरो अस्पताल विराटनगर तथा बोलेरोमा सवार झापा कमल गाउँपालिका-२ बस्ने ५२ वर्षीय यदुकान्त भट्टराई र सोही गाउँपालिका-४ बस्ने ४४ वर्षीया दिपा खनालको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । पथरीबाट बेलबारीतर्फ जाँदै गरेको बा.प्र. ०३-००१ ख २७१८ नम्बरको बसलाई ठक्कर दिई उक्त टिपर अनियन्त्रित भई बोलेरोलाई समेत ठक्कर दिई दुर्घटना भएको थियो ।

साथै दुर्घटनामा घाइते भएका बोलरोमा सवार अन्य २ जनाको न्यूरो अस्पताल विराटनगरमा उपचार भइरहेको छ । प्रहरीले टिपर र बसका चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषधसहित चार जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ रजत जयन्ती चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १२ ग्राम २ सय ४० मिलिग्रामसहित २ जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रौतहट गुजरा नगरपालिका-३ कटानी बस्ने ३२ वर्षीय भिम बहादुर वाईवा र २५ वर्षीय मिलन तामाङ रहेका छन् । प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले भारत रक्सौलबाट वीरगंजतर्फ आउँदै गरेका प्र.२-०३-००८ प १४३४ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा स्कुटरमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यसैगरी वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटस्थित बाटोबाट नियन्त्रित लागूऔषध फेनारगन ४५ एम्पुल, नुर्फिन ४५ एम्पुल र डाईजेपाम ४५ एम्पुलसहित २ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ओखलढुङ्गा घर भई मकवानपुर हेटौंडा उपमहानगरपालिका-४ बस्ने ३२ वर्षीय गणेश घिमिरे र बकैया गाउँपालिका-४ जुरेली टोल बस्ने ३५ वर्षीय बिकाश भोलन रहेका छन् । प्रहरी चौकी ईनारुवाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

### धारिलो हतियार प्रहार गरी बालिकाको हत्या गरेको अभियोगमा पक्राउ

मोरङ । पथरी शनिश्चरे नगरपालिका-७ लामाटोलस्थित दाजुको घरमा बस्ने १५ वर्षीया सन्जना भन्ने ज्ञानमती थुलुङ राईको धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा बारा जितपुर सिमरा उपमहानगरपालिकामा बस्दै आएका धिरेन कुमार खाँ चौधरीलाई घटना भएको ४ घण्टाभित्र प्रहरीले पक्राउ गरेको छ । ट्वाईलेट जाने क्रममा अपरिचित मानिसले धारिलो हतियार प्रहार गर्दा ज्ञानमती थुलुङ राईको सोमबार राति घटनास्थलमा नै मृत्यु भएको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङ समेतबाट खटिएको प्रहरीले धिरेन कुमारलाई बेलबारी नगरपालिका भाउन्नेस्थित जंगल एरियाबाट पक्राउ गरेको हो ।

ज्ञानमती थुलुङ राई र धिरेन कुमार बिच प्रेम सम्बन्ध रहेको, एक पटक घरबाट भागी रानी नाका हुँदै जोगवनीतर्फ जाने क्रममा मानब बेचबिखन विरूद्ध सकृय गैरसरकारी संस्थाले फेला पारी उद्दार गरी परिवारको जिम्मा लगाएको, पीडित बालिकाको नाममा फेसबुक लगायतका सामाजिक संजालमा आफ्नै एकाउन्ट खोली चलाउने गरेको, पीडित परिवारका सदस्यलाई दुख दिने आसयले धिरेन कुमारले फेसबुक म्यासेजमा विभिन्न फोटोहरू पठाउने लगायतको कार्य गर्ने गरेको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ ।

# मधेशी एकता समाजको होली समारोह धुमधाम र भव्यताका साथ दुबईमा सम्पन्न



काठमाडौं । मधेशी एकता समाज यूएईले आयोजना गरेको यस वर्षको होली मिलन समारोह आइतबार दिउँसो दुबईको बरदुबईस्थित एक होटलमा धुमधाम र भव्यताका साथ सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता समाजका युएई अध्यक्ष धर्मेन्द्र गोहिबार यादवले गर्नुभएको थियो ।

कार्यक्रमका श्रम तथा रोजगार मन्त्री शरत् सिंह भण्डारी प्रमुख अतिथि हुनुहुन्थ्यो । यसैगरी मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारी र युएईस्थित नेपाली दूतावासका डेपुटी चिफ अफ मिसन विशाल भट्टराई विशिष्ट अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा एनआरएनए कतारका अध्यक्ष रमेश भट्ट, एनआरएनए यूएईका अध्यक्ष विकाश शाही, नेपाली दूतावासका तृतीय सचिव विमलेश मिश्र, अर्का तृतीय सचिव दिल्लीराम शर्मा र श्रम कन्सुलर दिनबन्धु सुवेदी अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो ।

त्यसैगरी, मधेशी एकता समाजको संस्थापक र अन्तर्राष्ट्रिय समितिका संयोजक डा. रवीन्द्र कुमार यादव, समाजको नेपाल इकाइकी संयोजक बबीसिंह यादव, समाजका पूर्व अध्यक्षहरु मुकेश झा, कृष्णा ठाकुर, वरिष्ठ उपाध्यक्ष अम्बिका साहलगायतको पनि अतिथिको रुपमा उपस्थिति थियो ।

उद्घाटन समारोहको संचालन महासचिव रोशन देव र सांस्कृतिक कार्यक्रमको संचालन ललित राय र भोला पासवानले गर्नुभएको थियो ।

त्यस अवसरमा सांस्कृतिक नाचगान, होली गीत र जोगिरा गायनका साथै खानपिनको पनि भव्य व्यवस्था गरिएको थियो ।

होली समारोहमा नेपालबाट गएका मधेशका चर्चिच कलाकारहरु जागेश ठाकुर तथा निरुता साहको सानदार प्रस्तुति थियो ।

त्यसैगरी, त्यहाँ रहेका स्थानीय कलाकारहरु गायक भोला पासवान तथा नृत्यतर्फ इशा, शीतल र पुनमका साथै नेपाली बोइज ग्रुपको पनि प्रस्तुति थियो ।

उद्घाटन समारोहमा श्रम तथा रोजगार मन्त्री भण्डारीले मधेशी एकता समाजले विदेशी भूमिमा पनि सम्पूर्ण मधेशीलाई जोडेर राखेकोमा प्रशंसा गर्नुभयो । मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने शिप र पैसा नेपाल सरकारले उपलब्ध गराउने जानकारी दिनुभयो । त्यस अवसरमा भण्डारीले एक प्रकारको होली गायन अर्थात् जोगिरा गाएर सुनाउनुभएको थियो ।

नेपाली राजदूतावासका डेपुटी चिफ अफ मिसन भट्टराईले होली पर्वको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो

त्यसैगरी, एकता समाजका नेपाल संयोजक डा. बबी सिंह यादवले होलीको शुभकामना दिनुभयो । उहाँले मधेशी एकता समाजको नेपाल इकाइले विभिन्न क्षेत्रमा गर्दै आएको सहयोग र समन्वयबारे जानकारी दिनुभयो । यस्तै, समाजको अन्तर्राष्ट्रिय संयोजक डा. रविन्द्र कुमार यादवले वर्तमान समयमा वैदेशिक रोजगारमा रहेका मधेशी युवाहरूको अवस्था अत्यन्त जोखिमपूर्ण रहेको बताउनुभयो । डा. यादवले कम्तीमा प्राविधिक प्रशिक्षण लिएर र २० वर्ष उमेर पुगेपछि मात्रै वैदेशिक रोजगारमा आउने वातावरण बनाउन सल्लाह दिनुभयो ।

डाक्टर यादवले एकता समाजले संसारभरि फैलिएका मधेशी प्रवासीहरुलाई मधेश हितका लागि एकताको सुत्रमा बाँधेर मधेशको सांकृतिक पहिचान जोगाउन काम गरिरहेको बताउनुभयो ।

यस्तै मधेशमा शिक्षाको स्तर उन्नति, मधेशबाट हुने श्रम आप्रवासनलाई कम जोखिमपूर्ण बनाउन र श्रमिकलाई शीपमूलक तालिम दिई विप्रेषणको गुणवत्ता कायम गर्नेजस्ता कार्यमा एकता समाजले सकारात्मक परिवर्तनको प्रयास गरिरहेको डा. यादवले बताउनुभयो ।

यस अतिरिक्त, श्रमिकहरुलाई परदेशमा समस्या पर्दा उद्धार गर्ने, मद्दत गर्ने, मधेशमा प्राकृतिक विपत्तिको बेला सहयोग गर्ने, मधेश आन्दोलनका सहिद परिवारलाई सहयोग गर्ने, मधेश मुद्दालाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न मद्दत गर्नेजस्ता कार्यमा समेत संस्था क्रियाशील रहेको यादवको भनाइ थियो ।

होली समारोहमा संयुक्त अरब इमिरेट्सका विभिन्न शहरमा कार्यरत ४ सय जनाभन्दा बढी मधेशी सहभागी थिए ।

त्यस अवसरमा युएईमा भूउपग्रहको सफ्टवेयर डिजाइनिङ गर्ने मुकेश झा, मिसाइल डिजाइनिङमा कार्यरत इन्जिनियर दीपक कुमार यादव, न्यूयोर्क विश्वविद्यालय आबुधाबीबाट डिग्री प्राप्त गर्ने पहिलो मधेशी उत्तम मिश्रा, दुबईमा कारखाना स्थापना गर्ने पहिलो मधेशी विनेश यादव र अन्य मधेशी उद्यमीहरु कविन्द्र यादव, गणेश पुर्बे र जीवछ साहलाई सम्मान गरिएको थियो ।

नेपालमा होली मार्च २५ मा भएपनि रमजानको पवित्र महिना मार्च ९ देखि अप्रिल ९ सम्म चल्ने भएकोले दुबईमा होली समारोह रमजानअगावै मार्च ३ तारिखमा आयोजना गरिएको थियो ।

त्यस अवसरमा मधेशी एकता समाजले रमजानको अवसरमा मार्चको तेस्रो हप्तामा इफ्तार कार्यक्रम दुबईमा आयोजना गर्ने घोषणा गरेको छ ।

## आर्थिक समाचार

### 'एनआरएन नागरिकता सम्बन्धी कानुन छिट्टै बन्दै छ'

लन्डन । गैर आवासीय नेपाली सङ्घ (एनआरएनए) का निवर्तमान अध्यक्ष कुल आचार्यले नेपालको संविधानले व्यवस्था गरेको गैर आवासीय नेपाली नागरिकताको वितरणमा देखिएको समस्याहरू छिट्टै समाधान हुने विश्वास व्यक्त गरेका छन् ।

जीएनएन नेटवर्कका लागि थानेश्वर सापकोटासँग कुरा गर्दै आचार्यले विदेशस्थित दूतावासहरूबाटै निवेदन दिन सकिने व्यवस्था भए गैर आवासीय नेपाली नागरिकता लिन सहज हुने बताए । 'गैर आवासीय नेपाली नागरिकता दिँदा एक रुपैयाँ पनि लाग्दैन । वडासम्म गएरै सिफारिस लिनुपर्छ, आफ्नो पुरानो नागरिकता, पासपोर्टका साथै बाबुआमा बाजे बज्यैको नागरिकता पनि आवश्यक पर्छ ।' उनले भने ।

एनआरएन नागरिकतामा पुरानो नागरिकता नम्बर राखेपछि त्यसका आधारमा स्वत: सम्पत्ति सर्ने व्यवस्था गर्न आचार्यले जोड दिए । 'एनआरएन कार्डमा सम्पत्ति कति राख्न पाइने लगायतका कुराहरू उल्लेख गरिएको थियो, त्यस्तो अवस्थामा बखेडा झिक्ने काम गरिएको थियो, अहिले त्यो झन्झट छैन, यदि फेरि त्यस्तो कुनै प्रावधान राखियो भने हामीले स्वीकार गर्दैनौं ।'

एनआरएनए भित्र हाल जारी विवादबारे सोधिएको एक प्रश्नको जवाफमा आचार्यले तीनै जना अध्यक्ष अर्को चुनावमा नउठौं भनेर १० औं अधिवेशनमा भद्र सहमति बनेको खुलासा पनि गरे । सोही सहमति अनुसार आचार्य र रबिना थापाले ११ औं महाधिवेशनमा उम्मेदवारी दिएनन् भने अर्का अध्यक्ष बद्री केसीले उम्मेदवारी घोषणा गरेका थिए । 'चुनावको सन्दर्भमा केही साथीहरूको पदलोलुपताका कारण अहिलेको अवस्था आएको हो । संस्था बचाउनका लागि विगतमा हामीले जसरी काम गरेका थियौं, त्यसैगरी अहिले साथीहरूलाई फेरि एक पटक सहमति गर्न आग्रह गर्छु ।

कुल आचार्यले नै एनआरएनएमा बबन्डर मच्चाएको भन्छन् त भन्ने प्रश्नमा उनले भने 'विगतमा मैले गरेको कामहरूको बारेमा दुनियाँ संसारले देखेको जगजाहेर छ । म प्रति साथीहरूको अपेक्षा बढी भएकाले त्यसलाई सकारात्मक रूपमै लिन्छु, म अहिले पनि संस्थामा सबैलाई मिलाउनु पर्छ भन्ने अभियानमा छु ।'

संस्थालाई सानो घेरामा खुम्च्याउने काम विगत केही कार्यकाल देखि नै सुरु भएको बताउँदै सिस्टम र टेक्नोलोजीका नाउँमा संस्था कब्जा गरिएको बताए । उनले भने 'मैले पहिला देखि नै अनलाइन भोटिङ हुँदैन भनेको हो, हाम्रो अधिवेशन भनेको त नेपालसँग जोड्ने कुरा हो । नेपालमा भौतिक रूपमा आएर चुनाव गर्दा नेपालकै आर्थिक विकासमा योगदान पुग्छ भन्ने हो ।'

# एनआरएनए शुद्धिकरणको लागि हाम्रो लडाई जारी छः आर के शर्मा

काठमाडौं । गैर आवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष राजेन्द्र कुमार (आरके) शर्माले गैर आवासीय नेपाली संघ शुद्धिकरणको लागि आफ्नो लडाई जारी रहने बताएका छन्।

एक प्रश्नको जवाफमा अध्यक्ष शर्माले सोमबार नेपालमा भएको सत्ता समीकरण परिवर्तनले संघभित्र शुद्धिकरणको लागि जारी लडाईलाई कुनै असर नपर्ने बताए। काँग्रेस, माओवादीको गठबन्धन भत्किएर एमाले, माओवादीको नयाँ गठबन्धन बनेपछि एनआरएनएमा जारी विवादमा के कस्तो असर पर्ला भन्ने आकलन भै रहेको छ। तर अध्यक्ष शर्माले आफू राजनीति भन्दा पनि सामाजिक कामका लागि एनआरएनएमा लागेकोले यसको पवित्र उद्देश्यमा कहिल्यै घात नगर्ने बताए ।

शर्माले आफ्नो लडाईं विधि र पद्धतिको लागि भएको भन्दै आफूले अहिलेको टिमलाई कहिल्यै पनि धोका नदिने बताए । '११ औं अधिवेशनका बेला सिस्टमको पालना भएको भए वा संस्था कब्जा नगरेर स्वच्छ र निष्पक्ष चुनाव भएको भए अहिलेको अवस्था आउने नै थिएन' उनले भने ।

११ औं महाधिवेशनमा सिस्टम नै कब्जा गरेर योजनाबद्ध रुपमा धाँधली गरिएको भन्ने उजुरीहरु परे पछि नेपाल सरकारद्वारा गठित छानबिन समितिले अहिले छानविन गरिरहेको छ । अब छानविन समितिको रिपोर्ट आउने बेला सत्ताको राजनीतिलाई जोडेर एनआरएनएको विषयलाई नगिजोल्न उनले सबैलाई आग्रह गरे ।

गलतलाई गलत प्रमाणित गर्नका लागि आफ्नो निरन्तर खबरदारी जारी राख्ने बताउँदै शर्माले बुधबारसम्म एक भर्चुअल बैठक बसेर सबै कुरा साथीहरुलाई प्रष्ट पार्ने पनि बताए ।


बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।



नेपाल सरकार

विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं